# प्रभाव दैनिक
National Daily

वर्ष १३ | अंक २७ | काठमाडौं | बुधबार, ६ जेठ २०८३ | Prabhab National Daily | Wednesday, 20 May 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।–



**स्वस्थ वातावरण, स्वस्थ जीवनको आधार**

- स्वच्छ र हरित वातावरण निर्माणमा सबैले योगदान दिऔं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं र पुनःप्रयोगलाई प्राथमिकता दिऔं,
- वृक्षारोपण गरौं र वन संरक्षणमा सक्रिय बनौं,
- प्रदूषण घटाउन सबै मिलेर सहकार्य गरौं,
- फोहोर व्यवस्थापन र सरसफाइमा ध्यान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोग बढाऔं,
- जैविक विविधताको संरक्षण गरौं।

हरित पृथ्वी, सुरक्षित भविष्य ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## सुकुमबासी व्यवस्थापनबारे बैठकैपिच्छे बोली फेर्दै सरकार



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले देशका विभिन्न स्थानबाट उठीबास गरेका सुकुमबासीबारे दैनिक बोली फेर्न थालेको छ । सोमबारमात्र भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले सुकुमबासीले केही हप्तामै लालपुर्जा पाउने दाबी गरेकी थिइन् ।

उनले भिडियो वक्तव्य जारी गर्दै यसका लागि अध्यादेश नै आइसकेको दाबी गरेकी थिइन् । 'अध्यादेशबाट संरचना फेरबदल गरेका छौ । त्यसैले अबको केही हप्तामा सुकुमबासीलाई लालपुर्जा वितरण गर्छौं,' मन्त्री रावलले भनेकी थिइन् ।

सरकारले गत बुधबार सुकुमबासीलाई जग्गा उपलब्ध गराउन सहज हुनेगरी अध्यादेशमार्फत संशोधन गरेका ऐनहरू कार्यान्वयन गर्ने बाटो खुलाएर भूमिसम्बन्धी (२१औं संशोधन) नियमहरू, २०८३ स्वीकृत गरेको थियो । तर उक्त नियम राजपत्रमा अझै प्रकाशित गरिएको छैन । कतै सरकारले स्वीकृत गरेका यी नियमहरूमा तालमेल नमिलेको त हैन ? भूमिविज्ञहरूले प्रश्न गरिरहेकै बेला यही विषयलाई बल मिल्नेगरी सरकारले तीन महिनासम्म सुकुम्बासीलाई महिनावारी भत्ता

- **वैशाख ३०**: भूमिसम्बन्धी (२१औं संशोधन) नियमहरू, २०८३ स्वीकृत, तर राजपत्रमा प्रकाशित हुनै बाँकी
- **जेठ ४**: अध्यादेशमार्फत संरचना फेरबदल भइसकेको भन्दै अबको केही हप्तामै सुकुमबासीले लालपुर्जा पाउने भूमि व्यवस्थामन्त्री प्रतिभा रावलको दाबी
- **जेठ ६**: मन्त्रिपरिषद् बैठकले काठमाडौं उपत्यकाका नदी किनारबाट हटाइएका सुकुमबासी परिवारलाई पुनर्स्थापनाका लागि एकमुष्ट २५ हजार र वैकल्पिक बसोबासका लागि ३ महिनासम्म मासिक १५ हजार रूपैयाँ भत्ता दिने निर्णय

दिने घोषणा गरेको छ ।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले काठमाडौं उपत्यकाभित्रका नदी किनारबाट उठीबास गराएका सुकुमबासीहरूलाई प्रतिपरिवार २५ हजार रूपैयाँ एकमुष्ट र मासिक १५ हजार रूपैयाँ दिने निर्णय गरेको हो । 'काठमाडौं उपत्यका नदी किनारमा रहेका जोखिमयुक्त बस्ती हटाउँदा विस्थापित हुने व्यक्तिहरूको विवरण रुजु गरी प्रतिपरिवार पुनर्स्थापना खर्चबापत २५ हजार रूपैयाँ एकमुस्टरूपमा प्रदान गर्ने । जोखिमयुक्त बस्तीबाट हटाइएकाहरूलाई वैकल्पिक बसोबासको व्यवस्था आफैं गर्न प्रोत्साहित गर्न पाँच सदस्य भएको प्रतिपरिवार प्रतिमहिना राहत रकम १५ हजार रूपैयाँ र सोभन्दा बढी सदस्यका लागि प्रतिसदस्य दुई हजार रूपैयाँ प्रतिमहिनाको दरले हाललाई बसोबास व्यवस्थापन खर्च उपलब्ध गराउने,' मंगलबारको मन्त्रिपरिषद् बैठकले गरेको निर्णय सुनाउँदै सरकारका प्रवक्ता सस्मित पोखरेलले भने ।

मंगलबारको मन्त्रिपरिषद् बैठकले वृद्ध, अशक्त तथा असहाय व्यक्तिलाई तोकिएका 'होल्डिङ सेन्टर'मा राख्ने तथा बालबालिकाको पठनपाठन र स्वास्थ्य सेवा स्थानीय तहसँगको समन्वयमा सुनिश्चित गर्ने निर्णय पनि गरेको छ ।

### सुकुमबासीलाई जग्गा दिन संशोधन गरिएको नियमावलीमा के छ ?

सरकारको सिफारिसमा वैशाख २० गते राष्ट्रपति रामचन्द्र पौडेलले केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ जारी गरेका थिए । उक्त अध्यादेशमा भूमिहीनलाई जग्गा उपलब्ध गराउने भूमिसम्बन्धी ऐन २०२१ मा विभिन्न संशोधन गरिएको थियो ।

क्रमशः पृष्ठ २ मा

## नवनियुक्त प्रधानन्यायाधीश शर्माले सम्हाले न्यायालयको कमाण्ड

### असन्तुष्ट न्यायाधीशहरूलाई विश्वासमा लिएर न्यायालयको स्वतन्त्रता जोगाउने चुनौती

- प्रतिनिधिसभाअन्तर्गतको संसदीय सुनुवाइ समितिबाट मंगलबार द्रुत सुनुवाइमार्फत प्रधानन्यायाधीशमा सिफारिस डा. मनोजकुमार शर्माको अनुमोदन
- मंगलबार साँझ राष्ट्रपतिबाट पद तथा गोपनीयताको शपथ लिएसँगै सर्वोच्च अदालतमा पदभार ग्रहण
- वरीयता मिचेर शर्मालाई प्रधानन्यायाधीश नियुक्त गरिएसँगै न्यायालयभित्र चुलियो विवाद, कायम मुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल नवनियुक्त प्रधानन्यायाधीश डा. शर्माको स्वागत समारोहमा अनुपस्थित
- न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षतामा कुनै हस्तक्षेप स्वीकार नगर्ने नवनियुक्त प्रधानन्यायाधीश शर्माको प्रतिबद्धता



**नवनियुक्त प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मा मंगलबार प्रधानन्यायाधीशको कार्यालयमा पदभार ग्रहण गर्दै ।** *तस्बिरः रासस*

> "न्यायपालिकाको संस्थागत स्वतन्त्रता, न्यायाधीशहरूको व्यावसायिक निष्पक्षता तथा न्याय सम्पादन प्रक्रियाको मर्यादामा कुनै प्रकारको हस्तक्षेप स्वीकार गरिने छैन । यस विषयमा कसैले कुनै शंका राख्नुपर्ने अवस्था आउने छैन । त्यस्तो शंका उत्पन्न हुने कुनै पनि कार्य मबाट हुने छैन र हुन दिइने छैन ।
>
> ■ **डा. मनोजकुमार शर्मा**
> प्रधानन्यायाधीश

■ **जेबी योञ्जन**

**काठमाडौं–** सर्वोच्च अदालतको ३१औं प्रधानन्यायाधीशका रूपमा नियुक्त भएका डा. मनोजकुमार शर्माले मंगलबार पद तथा गोपनीयताको शपथ लिएसँगै न्यायपालिकाको नेतृत्व सम्हालेका छन् । तर, उनको नियुक्तिसँगै सुरु भएको विवाद, न्यायालयभित्रको ध्रुवीकरण र बाहिरबाट बढेको अविश्वासका कारण उनको कार्यकाल सहज नहुने संकेत देखिएको छ ।

यसबीच राष्ट्रपति रामचन्द्र पौडेलबाट शपथ लिएपछि सर्वोच्च अदालत पुगेर पदभार ग्रहण गरेका शर्माले पहिलो सम्बोधनमै न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षतामा कुनै हस्तक्षेप स्वीकार नगर्ने बताए । 'न्यायपालिकाको संस्थागत स्वतन्त्रता, न्यायाधीशहरूको व्यावसायिक निष्पक्षता तथा न्याय सम्पादन प्रक्रियाको मर्यादामा कुनै प्रकारको हस्तक्षेप स्वीकार गरिने छैन,' शर्माले भने, 'यस विषयमा कसैले कुनै शंका राख्नुपर्ने अवस्था आउने छैन । त्यस्तो शंका उत्पन्न हुने कुनै पनि कार्य मबाट हुने छैन र हुन दिइने पनि छैन ।'

तर, अहिले उनको पहिलो चुनौती नै यही प्रतिबद्धतामाथिको विश्वास पुनःस्थापित गर्नु बनेको छ । किनकि, उनको नियुक्ति सिफारिसविरुद्ध परेको रिट दर्ता हुन नदिइएको विवादले न्यायपालिकाको निष्पक्षतामाथि प्रश्न उठाइसकेको छ । प्रधानन्यायाधीशमा सिफारिस भएपछि संवैधानिक परिषद्को निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गर्न खोजिएको थियो । तर, अदालत प्रशासनले निवेदन दरपीठ गर्‍यो । यही विषयमा कायममुकायम प्रधानन्यायाधीशको भूमिकामा रहेकी सपना प्रधान मल्लले निवेदन दर्ता गर्न आदेश दिएपछि सर्वोच्च अदालतभित्रको विवाद सतहमा आएको थियो ।

मुख्य रजिस्ट्रारले शर्माकै निर्देशनमा निवेदन दर्ता नगरिएको जवाफ दिएको चर्चा भएपछि स्थिति झन् संवेदनशील बनेको हो । यद्यपि शर्माले भने यसलाई प्रशासनिक विषय भन्दै आफू प्रत्यक्ष संलग्न नरहेको दाबी गरेका छन् । 'त्यो कुरामा अदालत प्रशासन जिम्मेवार रहने कुरा हो, प्रशासन स्वतन्त्र हुन्छ,' मंगलबार नै भएको प्रतिनिसभाअन्तर्गतको संसदीय सुनुवाइ समितिको बैठकमा शर्माले भनेका थिए, 'प्रशासनबाट विवेक प्रयोग भएको होला भन्ने लागेको छ, त्यसमा थप टिप्पणी गर्न चाहन्नँ ।'

अब शर्मासामु पहिलो चुनौती आफ्नै सहकर्मी न्यायाधीशहरूसँग सम्बन्ध सुधार गर्नु हुने छ । संवैधानिक परिषद्ले उनीभन्दा वरिष्ठ न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी र हरिप्रसाद फुयाललाई छाडेर चौथो वरीयताका शर्माको नाम प्रधानन्यायाधीशमा सिफारिस गरेको थियो । यही निर्णयपछि सर्वोच्च अदालतभित्र असन्तुष्टि चुलिएको हो ।

न्यायिक वृत्तमा अहिले सर्वोच्च अदालत दुई धारमा विभाजित भएको चर्चा छ । एक पक्षले संवैधानिक प्रक्रियाबाट नियुक्ति भइसकेपछि संस्थागत स्थायित्वतर्फ जानुपर्ने धारणा राखेको छ भने अर्को पक्षले वरिष्ठता प्रणाली तोडेर न्यायपालिकामा गलत नजिर बसालिएको ठानिरहेको छ । विशेषगरी न्यायाधीश मल्लसँगको सम्बन्धलाई सबैले चासोका साथ हेरिरहेका छन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## इजरायल जान नपाएका युवाहरू आन्दोलनमा

### आफूहरूलाई प्राथमिकता दिएर लैजान माग

- दुई वर्षअघि आवेदन स्वीकृत भएकाहरूलाई नलगी नयाँ आवेदन खुल्ने भएपछि शान्तिपूर्ण प्रदर्शन
- छनोट भइसकेका उम्मेदवारलाई पहिले लगेरमात्रै नयाँ आवेदन खुलाउने भन्ने आश्वासनविपरीत नयाँ प्रक्रिया अगाडि बढाइएकोप्रति आपत्ति
- माग सम्बोधन नभएसम्म आन्दोलन जारी राख्ने घोषणा



*तस्बिर सौजन्यः नेपाल फोटो लाइब्रेरी*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** इजरायल रोजगारीमा जान नपाएका युवाहरू आन्दोलित भएका छन् । दुई वर्षअघि आवेदन स्वीकृत भएकाहरूलाई नलगी नयाँ आवेदन खुल्ने भएपछि मंगलबार उनीहरू माइतीघर मण्डलमा शान्तिपूर्ण प्रदर्शन गरेका छन् ।

विगतमा आवेदन स्वीकृत भएर पनि गोलाप्रथामा छनोट नभएका युवाहरूलाई इजरायलले रोजगारीको अवसर दिने गरेको थियो । गोलाप्रथाबाट छनोट भएकाहरूलाई लगिसकेपछि बाँकी युवाहरूलाई लग्दै आएको थियो । यसपटक पनि विगतकै जसरी जान पाइने आशामा बसेकाहरू नयाँ आवेदन खुलाउने कदमप्रति आक्रोशित हुँदै आन्दोलनमा उत्रिएका हुन् ।

सरकारलाई दबाब दिन आएका युवराज बमले आफूहरू आवश्यक प्रक्रिया पूरा गरेर योग्य भएकाले प्राथमिकतामा राखिनुपर्ने बताए । योग्य उम्मेदवारलाई पहिले लगेरमात्रै नयाँ आवेदन खुलाउने भन्ने आश्वासन दिइए पनि पीडित पक्षको कुरा नसुनी आवेदन खुलाउने तयारी भएको उनले बताए । आफूहरूको समस्या राख्न विभिन्न निकायमा पटक-पटक धाएको बमले बताए ।

'तपाईंहरू गइसकेपछि मात्र नयाँ लाने प्रक्रिया सुरु गर्छौं भनेर सरकारले प्रतिबद्धता जनाएको थियो । अहिले सीमित ट्रेनिङ सेन्टर, वैदेशिक माफियालगायतको कुरा सुनेर नयाँ भर्ना प्रक्रिया अघि बढाउने कुरा भइरहेको छ,' उनले भने, 'हामी ३२ चोटि त मन्त्रालय धाएका छौं । वैदेशिक रोजगार विभागमा १० पटकभन्दा बढी गएका छौं । सबैतिरबाट पहल गर्दैगर्दा पनि हामीलाई सुनिएको छैन । सरकारले आह्वान गर्न लागेको नयाँ आवेदन स्थगित गरियोस् ।'

आन्दोलनमा आएका अर्का युवा निश्चल गौतमले नयाँ आवेदन खुलाउँदा विगतकै प्रक्रिया फेरि दोहोर्‍याउनुपर्ने भएकाले आफूहरूको समय, मिहेनत खेर जाने बताए । माग सम्बोधन नभएसम्म आन्दोलनलाई निरन्तरता दिने गौतमले बताए ।

'नयाँ कोटा खुलाउँदा हामी फेरि सुरुदेखि पहिलाकै प्रक्रियामा जानुपर्छ । परीक्षा दिएर बसेपछि दुई वर्षसम्म हाम्रो समय खेर गयो,' उनले भने, 'मानसिक तनाव पनि धेरै भयो । सम्बन्धित निकायले नै हामीलाई लान्छौं भनेको थियो । हाम्रो माग सम्बोधन नभएसम्म आन्दोलन गर्छौं ।'

इजरायलले दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदार (केयर गिभर)का रूपमा नेपालीहरू लग्दै आएको छ । २०८१ असार ११ गते केयर गिभरका लागि आवेदन आह्वान गरिएको थियो । जसमा चार हजार २४ जनाले अनलाइन फाराम भरेका थिए । तीमध्ये तीन हजार ४६१ वटा आवेदन स्वीकृत भएको थियो । आवेदन स्वीकृत भएकामध्येबाट इजरायल जानका लागि दुई हजार ११२ जना गोलाप्रथाबाट छनोट गरिएको थियो । छनोट भएकामध्ये हालसम्म एक हजार ४०० जनाभन्दा बढी इजरायल गइसकेको विभागले जनाएको छ । गोलाप्रथामा छनोट नभएका एक हजार १५४ जना आन्दोलित भएका हुन् ।

विगतका नजिरलाई हेर्दा आवेदन स्वीकृत भएका सबैजनालाई लग्दै आएकोमा यसपटक त्यस्तो नभएको जिटुजी शाखाका शाखा अधिकृत देवेन्द्र केसीले बताए ।

क्रमशः पृष्ठ २ मा

## सरकारको आलोचनामा उत्रिए सत्तारुढ दलकै सांसद

> शून्य समयमा उठाएका कुराहरू क्यामराले खिचेर रेकर्डमात्र राख्ने भए, सुनुवाइ नगर्ने भए शून्य समय बन्द गरौं । हैन भने शून्य समयमा उठेका विषयहरू शक्तिशाली आयोग गठन गरेर कार्यान्वयनमा लगियोस् ।
>
> ■ **जगदीश खरेल**
> रास्वपा सांसद

> परम्परा तोड्ने नाममा सबै परम्परा तोडिँदैन । बजेटको सिद्धान्त र प्राथमिकतामाथि छलफल हुँदाखेरी अर्थमन्त्री जहिले पनि बस्ने सिस्टम छ । परराष्ट्रमन्त्रीले बजेट बनाउने होइन ।
>
> ■ **अमरेशकुमार सिंह**
> रास्वपा सांसद



**अमरेशकुमार सिंह**



**जगदीश खरेल**

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सत्तारुढ दलका सांसदहरूले संसद्मा आफ्नै दलको सरकारविरुद्ध आक्रोश पोखेका छन् । मंगलबारको प्रतिनिधिसभा बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसदहरूले सरकारको कार्यशैलीमाथि प्रश्न उठाएका हुन् ।

रास्वपा सांसद अमरेशकुमार सिंहले बजेटको सिद्धान्त र प्राथमिकतामाथिको छलफल चलिरहँदा अर्थमन्त्री बैठकमा नदेखिएको भन्दै असन्तुष्टि पोखे । आगामी बजेट निर्माणमा प्रधानमन्त्री वालेन्द्र शाहले हस्तक्षेप बढाउँदै गएको विषयमा उनले आक्रोश व्यक्त गरे ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बजेट निर्माण गरिरहेकै समयमा प्रधानमन्त्री शाहले हस्तक्षेप गरेको विषयमा सभामुखले रुलिङ गर्नुपर्ने सांसद सिंहको माग थियो । 'म आग्रह गर्न चाहन्छु- रुलिङ होस् कि अर्थमन्त्रीको सामुन्नेमात्र बजेट विनियोजनको कल्पना हुन्छ, अरु मन्त्रीले यसमा प्रतिनिधित्व गर्न पाइँदैन,' सिंहले मंगलबारको सदनमा भने ।

संसद्मा २० वर्षको कार्यकालमा पहिलोचोटि अर्थमन्त्री नभएर पनि बजेटको विनियोजनमा छलफल चलेकोप्रति उनको आपत्ति थियो । 'यो कस्तो परम्परा सुरुवात हुँदै छ ? नयाँको नाममा सबै चिज भत्काउने होइन । त्यसो भए सिंहदरबार पनि भत्काउँ, प्रधानमन्त्री पद पनि भत्काउँ, मन्त्री पद पनि भत्काउँ, सबै चिजको नाउँ चेन्ज गरौं न,' उनले भने । परम्परा तोड्ने नाममा संविधान, विधि र प्रक्रिया मिच्न खोजेकोमा उनले आपत्तिमात्रै जनाएनन्, नमान्ने चेतावनीसमेत दिए ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### नवनियुक्त...

मल्लले खुला रूपमा विरोध नगरे पनि उनको आदेश कार्यान्वयन नभएको घटनाले न्यायालयभित्रको शक्ति संघर्ष सार्वजनिक गरिसकेको छ । यस्तो अवस्थामा शर्माले सहकार्यको वातावरण बनाउन सकेनन् भने सर्वोच्च अदालतभित्र दीर्घकालीन ध्रुवीकरण हुन सक्ने खतरा देखिएको संविधान विदहरू बताउँछन् । यसका लागि उनले चाँडै फुलकोर्ट बैठक बोलाएर सबै न्यायाधीशसँग संवाद गर्न सक्ने चर्चा न्यायिक वृत्तमा छ । तर, त्यो बैठकमा वरिष्ठ न्यायाधीशहरू सहभागी हुन्छन् वा हुँदैनन् भन्ने प्रश्न अहिले नै उठ्न थालेको छ ।

वरिष्ठ अधिवक्ता रमणकुमार श्रेष्ठका अनुसार वरिष्ठ न्यायाधीशहरूले दूरी कायम राखे भने प्रधानन्यायाधीश शर्माको अधिकार औपचारिकमात्र देखिने अवस्था आउन सक्छ । न्यायालयभित्रको यही अविश्वास अहिले उनको सबैभन्दा ठूलो संस्थागत चुनौती बनेको छ । शर्मासामु अर्को ठूलो चुनौती नेपाल बार एसोसिएसनसँगको सम्बन्ध हुने छ । बारले उनको नियुक्ति प्रक्रियामाथि प्रश्न उठाउँदै आन्दोलन सुरु गरिसकेको छ । अधिवक्ताहरूले मंगलबार लालटिन बालेर सांकेतिक विरोधसमेत जनाएका छन् ।

नेपाल बारका पदाधिकारीहरूले न्यायालयमा हस्तक्षेप बढेको आरोप लगाउँदै न्यायिक स्वतन्त्रता जोगाउन आन्दोलन आवश्यक परेको बताएका छन् । न्यायालयभित्र विवाद बढिरहेका बेला बार आन्दोलनमा उत्रनुलाई अर्थपूर्ण रूपमा हेरिएको छ । नेपालको न्यायिक इतिहास हेर्दा बारको असन्तुष्टिले ठूलो राजनीतिक र संस्थागत संकट निम्त्याएको उदाहरण छ । तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाविरुद्ध बार र सर्वोच्चकै न्यायाधीशहरूले संयुक्त आन्दोलन चलाएका थिए । त्यही आन्दोलनले अन्ततः चोलेन्द्रलाई निलम्बन र महाअभियोगसम्म पुऱ्याएको थियो । त्यसैले बारसँग टकराव बढ्नु शर्माका लागि जोखिमपूर्ण हुन सक्ने श्रेष्ठ ठान्छन् ।

यस्तै, गोलाप्रथा प्रणाली अर्को संवेदनशील विषय बन्ने देखिएको छ । २०७८ सालपछि सर्वोच्च अदालतमा पेसी व्यवस्थापनका लागि गोलाप्रथा लागू गरिएको थियो । यो प्रणाली न्यायिक पारदर्शिता र प्रधानन्यायाधीशको स्वेच्छाचारिता रोक्न ल्याइएको मानिन्छ ।

तर, सर्वोच्च अदालतभित्रको वर्तमान शक्ति संघर्षका कारण गोलाप्रथालाई लिएर नयाँ विवाद उत्पन्न हुन सक्ने देखिन्छ । यदि वरिष्ठ न्यायाधीशहरूसँग असहयोगको अवस्था बढ्यो भने प्रधानन्यायाधीश शर्माले इजलास व्यवस्थापनमा प्रत्यक्ष हस्तक्षेप गर्न खोज्न सक्छन् भन्ने आशंका कानुन व्यवसायीहरूले व्यक्त गर्न थालेका छन् । त्यसो भए न्यायालय फेरि पुरानै विवादतर्फ फर्किन सक्छ । गोलाप्रथा हटाएर इजलास तोक्ने अधिकार प्रधानन्यायाधीशले प्रयोग गर्न थाले बार र न्यायाधीशहरू फेरि आन्दोलनमा जान सक्ने जोखिम छ ।

अर्का वरिष्ठ अधिवक्ता महेश नेपालका अनुसार प्रधानन्यायाधीश शर्माको अर्को चुनौती न्यायपालिकामाथि जनविश्वास कायम राख्नु हो । पछिल्ला केही वर्षयता सर्वोच्च अदालत निरन्तर विवादमा तानिँदै आएको छ । संवैधानिक इजलासदेखि राजनीतिक नियुक्तिसम्मका मुद्दामा अदालतको निष्पक्षतामाथि प्रश्न उठ्ने क्रम बढेको छ ।

यस्तो अवस्थामा वरिष्ठता विवादबाट आएका प्रधानन्यायाधीश शर्माले गरेका प्रत्येक निर्णय विशेष निगरानीमा पर्ने देखिन्छ । उनले गरेका न्यायिक नियुक्ति, इजलास गठन, संवेदनशील मुद्दाको सुनुवाइ र प्रशासनिक निर्णय सबै विवादको केन्द्र बन्न सक्ने अवस्था छ । उनको कार्यकालमा न्याय परिषद्को भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुने छ । वरिष्ठ न्यायाधीश मल्ल न्याय परिषद्को सदस्य रहने भएकाले परिषद्भित्र पनि शक्ति संघर्ष देखिन सक्ने आकलन गरिएको छ । न्यायाधीश नियुक्ति, सरुवा र अनुशासनसम्बन्धी निर्णयमा सहमति जुटाउन नसके न्यायिक प्रशासन प्रभावित हुन सक्छ ।

राजनीतिकरूपमा पनि शर्माको कार्यकाल चुनौतीपूर्ण देखिएको छ । उनको नियुक्तिलाई लिएर सत्तारूढ पक्ष र विपक्षी दलबीच फरक धारणा देखिएको छ । संवैधानिक परिषद्ले अध्यादेशमार्फत प्रक्रिया अघि बढाएर निर्णय गरेको विषयमा आलोचना भइरहेको छ । त्यसैले आगामी दिनमा सर्वोच्च अदालतले सरकारसँग सम्बन्धित संवेदनशील मुद्दा हेर्दा थप दबाब महसुस गर्नुपर्ने अवस्था आउन सक्ने आकलन गरिएको छ । भनिन्छ, उनी रास्वपा सभापति रवि लामिछानेका विश्वासपात्र हुन् । उनी प्रधानन्यायाधीश भएपछि मातहतका अदालतमा विचाराधीन रहेका रविविरुद्धका मुद्दा फिर्ता लिन सक्ने भन्दै उनीमाथि संशय प्रकट गर्न थालेका छन् ।

शर्मा २०७६ सालमा एकैपटक सर्वोच्च अदालतको न्यायाधीश बनेका थिए । त्यसअघि पुनरावेदन अदालत हुँदै न्याय क्षेत्रमा लामो अनुभव बटुलेका उनले भारतको पुणे विश्वविद्यालयबाट एलएलएम गरेका छन् ।

उनले अब करिब छ वर्ष सर्वोच्च अदालतको नेतृत्व गर्ने छन् । यो अवधि छोटो होइन । तर, यही अवधिमा उनले न्यायपालिका एकताबद्ध बनाउने कि थप विभाजित गर्ने भन्ने प्रश्नको उत्तर पनि दिने छन् । अहिले सर्वोच्च अदालतको नियमित कामकाज सामान्यरूपमा चलिरहेको दाबी गरिए पनि भित्री रूपमा असन्तोष र अविश्वासको तह गहिरो छ । त्यसैले प्रधानन्यायाधीश शर्माको वास्तविक चुनौती पद सम्हाल्नुमात्र होइन, न्यायालयभित्रको संकट व्यवस्थापन गर्नु हुने देखिएको छ ।

■■■

### सुकुमबासी...

ती संशोधन कार्यान्वयनका लागि नियमहरू पनि संशोधन गर्नुपर्ने व्यवस्थाअनुसार सरकारले २१औं संशोधन स्वीकृत गरेको भूमि मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टले बताएका छन् । 'भूमिहीन दलित र सुकुमबासीलाई जग्गा उपलब्ध गराउने व्यवस्था अध्यादेश संशोधन गरिएको थियो । उक्त संशोधनलाई कार्यान्वयनमा लैजान सरकारले नियम संशोधन गरेको हो,' प्रवक्ता भट्टले भने ।

अध्यादेशमार्फत भूमिसम्बन्धी ऐन २०२१ को दफा ५२ ख को उपदफा ४ मा नदी किनार, तालतलैया क्षेत्र वा जोखिमयुक्त क्षेत्रमा बसोबास गरिरहेकालाई अन्यत्रै बसोबासको व्यवस्था मिलाउनुपर्ने व्यवस्था थप गरिएको छ । 'उल्लिखित जग्गामा वा नदी किनार, ताल तलैयाको किनार, राष्ट्रिय निकुञ्ज, आरक्ष, वन क्षेत्र, सडकको मापदण्डभित्र वा अन्य जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका भूमिहीन दलित वा भूमिहीन सुकुमबासीलाई अन्यत्रै बसोबासको व्यवस्था मिलाउनुपर्ने छ,' थप गरिएको दफामा भनिएको छ ।

यसैगरी अध्यादेशमार्फत यो समस्या समाधान गर्न सरकारले समिति वा कार्यदल गठन गर्ने व्यवस्थासमेत भूमि ऐनमा संशोधन गरेको छ । दफा ५२ ग (१) मा भनिएको छ, 'भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने तथा दफा ५२ ग बमोजिम अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि नेपाल सरकारले केन्द्र र जिल्ला तहमा समिति वा कार्यदल गठन गर्न सक्ने छ ।'

यसैगरी कार्यदल र सो समिति तथा कार्यदलमा रहने अध्यक्ष तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोकिएबमोजिम हुने उल्लेख छ । यही समितिको पदाधिकारीहरूको जिम्मेवारी तोक्नेगरी नियमहरू संशोधन भएको भूमि व्यवस्थापन तथा अभिलेख विभागले जनायो ।

सरकारले देशभर नदी क्षेत्र अतिक्रमण गरी बसेका भूमिहीनलाई वैशाख १२ गतेदेखि हटाउन सुरु गरेको थियो । देशभरबाट सुकुमबासी बस्ती खाली गराए पनि सरकारले उचित व्यवस्थान गर्न नसक्दा चौतर्फी आलोचना सुरु भएसँगै सरकार हच्केको थियो । संशोधित नियमावलीअनुसार उक्त समिति वा कार्यदलले यो दफा प्रारम्भ हुनुअघि नेपाल सरकारको निर्णयबमोजिम गठन भएका विभिन्न आयोग वा कार्यदलले वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणितलगायतका विषयमा देखिएका समस्याहरूसमेत समाधान गर्ने अधिकार दिएको छ ।

■■■

### इजरायल...

आवेदन स्वीकृत भएका कामदारलाई लग्न विभागले श्रम मन्त्रालयमार्फत इजरायल सरकारसमक्ष पहल गरे पनि इजरायल नयाँ आवेदन खुलाउने पक्षमा देखिएको उनले बताए । 'लट्रीमा नपरेकोहरूलाई पहिला पनि लगेको भन्ने नजिर राखेर हामीलाई पनि लगियोस् भनेर उहाँहरूले निवेदन दिनुभएको थियो,' उनले भने, 'हामीले इजरायलको पपुलेसन इमिग्रेसन एण्ड बोर्डर अथोरिटी (पिवा), इजरायलको दूतावासलगायत निकायमा मन्त्रालयमार्फत पहल गऱ्यौं । तर उताबाट नलाने भन्ने किसिमको खबर आएको छ । यसपालि अब कहिले खुल्छ त्यो बेला उहाँहरू लट्री प्रक्रियामा फेरि सहभागी हुनुपर्ने भयो ।'

इजरायलले बच्चा, युवा तथा ६५ वर्ष ननाघेका गम्भीर अपांगता भएकाहरूको स्याहारका लागि नेपालबाट केयर गिभर लग्दै आएको छ । कम्तीमा एसएलसी उत्तीर्ण गरी मान्यताप्राप्त तालिम प्रदायक संस्थाबाट तीन महिनाको केयर गिभिङ तालिम लिएकाहरू इजरायल जान योग्य हुन्छन् । इजरायलले कामदारको जम्मा मागमध्ये ६० प्रतिशत महिला र ४० प्रतिशत पुरुष लग्दै आएको छ ।

■■■

### सरकारको ...

सरकारको काम गराइ र प्राथमिकताको तालमेल नमिलेको भन्दै सांसद सिंहले संसदीय परम्परामा अहिलेसम्म बजेट निर्माणबारे संसद्मा छलफल चल्दा अर्थमन्त्री अनुपस्थित भएकोमासमेत अमरेशको आपत्ति थियो । 'यो कहिले पनि संसदीय परम्परामा थिएन । पछिल्लो कार्यकालमा हजुर पनि सांसद हुनुहुन्थ्यो, अर्थमन्त्री नभएको बेलामा संसद् रोकिन्थ्यो । त्यसपछि अर्थमन्त्रीलाई बोलाएर संसद् सञ्चालन हुन्थ्यो । त्यसकारण अर्थमन्त्रीलाई बोलाइयोस्,' सांसद सिंहले भने, 'परम्परा तोड्ने नाममा सबै परम्परा तोडिँदैन । बजेटको विनियोजन प्राथमिकता हुँदाखेरि अर्थमन्त्री जहिले पनि बस्ने सिस्टम छ । परराष्ट्रमन्त्रीले बजेट बनाउने होइन ।'

मधेसबाट रास्वपालाई भारी समर्थन रहे पनि बजेटको सिद्धान्तमा मधेस प्राथमिकतामा नपरेको उनको आरोप थियो । 'बडो विनम्रतापूर्वक आग्रह गर्न चाहन्छु, सरकारलाई आग्रह गर्न चाहन्छु- मधेस विष्फोटको स्थितिमा छ । त्यो विष्फोट हुनुभन्दा पहिला त्यसको उपचार गरौं । किनभने न उसको सत्तामा अनुहार छ, न कुनै नियुक्तिमा अनुहार हुन्छ । यस्तो राज्य चल्दैन । राज्य सबैको हो,' सिंहले भने ।

सिंहमात्र हैन दोलखाबाट निर्वाचित सांसद जगदीश खरेलले पनि सरकारको आलोचना गरे । शून्य समयमा अधिकांश सांसद उपस्थित हुन्नन् । अझ सांसदको कुरा सुन्न र जवाफ दिन प्रधानमन्त्री शाहले इच्छा गरिरहेका छैनन् ।

रास्वपा सांसद खरेल (दोलखा) ले सरकारले सुनुवाइ नगर्ने भए प्रतिनिधिसभामा शून्य समयको कार्यक्रम नराख्न आग्रह गरे । प्रतिनिधिसभा बैठकमा मंगलबार शूल्य समय बोल्दै उनले सांसदले उठाएका जनसरोकारका विषय सम्बोधन नभएकामा आपत्ति जनाए । 'शून्य समयमा उठाएका कुराहरू क्यामराले खिचेर रेकर्डमात्र राख्ने भए, सुनुवाइ नगर्ने भए शून्य समय बन्द गरौं । हैन भए शून्य समयमा उठेका विषयहरू शक्तिशाली आयोग गठन गरेर कार्यान्वयनमा लगियोस्,' खरेलले भने । खरेलले अघिल्लो संसद्मा शून्य समयमा उठाइएका विषय सुनुवाइ नभएको विरोधमा रास्वपा सांसद हरि ढकाल उभिएर मौन बसेको स्मरण गरे ।

सरकारको नीति तथा कार्यक्रम होस् या बजेटको सिद्धान्तमाथिको छलफल, प्रधानमन्त्री वालेन्द्र शाह संसद् बैठकमा उपस्थित हुनै छाडेपछि प्रतिपक्षी दलहरूले प्रधानमन्त्रीको उपस्थिति माग गर्दै आएका छन् । पटक-पटक यही विषयमा संसद् अवरुद्ध गरियो । श्रम संस्कृति पार्टीका सांसदहरूले त संसद्मै पर्चा प्रदर्शन गरेर विरोध जनाए । मंगलबारको बैठकमा पनि श्रम संस्कृति पार्टीको संसदीय दलका नेता हर्कराज साम्पाङले सोही विषय उठाउँदै पर्चा प्रदर्शन गरे र बैठक छाडेर हिँडे । यहीबीच सत्तारुढ दलकै सांसदहरू सरकारको विरोधमा उभिएका हुन् ।

# दुर्गा प्रसाईं थप तीन दिन प्रहरी नियन्त्रणमै रहने



**वीरगञ्ज (प्रस)**– पर्सा जिल्ला अदालतले मंगलबार मेडिकल व्यवसायी तथा राष्ट्र, राष्ट्रियता धर्म संस्कृति र नागरिक बचाउ महाअभियानका नेपालका संयोजक दुर्गाप्रसाद प्रसाईंलाई विद्युतीय कारोबार ऐन र राज्यविरुद्धको कसुरमा तीन दिन म्याद थप गरेर अनुसन्धान गर्नका लागि पर्सा प्रहरीलाई अनुमति दिएको छ ।

पर्सा प्रहरीले सोमबार राति संयोजक प्रसाईंलाई 'जरुरी पक्राउ पुर्जी' दिएर नियन्त्रणमा लिएको थियो । पर्सा प्रहरीका प्रवक्ता हरिबहादुर बस्नेतले संयोजक प्रसाईंले विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमार्फत विभिन्न किसिमको अभिव्यक्तिहरू दिने क्रममा सार्वजनिक नैतिकता, शिष्टचारविरुद्ध कसैप्रति घृणा वा द्वेष फैलाउने र विभिन्न जातजाति र सम्प्रदायबीचको सुमधुर सम्बन्धलाई खलल पार्नेलगायत अभिव्यक्ति दिएकाले नियन्त्रणमा लिएको जानकारी दिए ।

'नेपाल सरकारको काम कारबाहीको सम्बन्धमा कुनै किसिमबाट निराधार वा अप्रमाणित कुरा देखाई नेपाल सरकारप्रति घृणा, द्वेष वा अवहेलना गर्ने गरी विभिन्न किसिमको अमर्यादित तथा अस्वस्थ्य आलोचनात्मक अभिव्यक्तिहरू दिएकाले सोमबार वीरगञ्जको सिद्धार्थ दियालो होटलबाट रातको समयमा नियन्त्रणमा लिएर उहाँलाई विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन र राज्यविरुद्धको कसुरमा सम्मानित पर्सा जिल्ला अदालतबाट तीन दिनको म्याद थप अनुमति लिएर आवश्यक अनुसन्धान भइरहेको छ,' उनले भने ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/०६/०४ मा दर्ता भएको **प्रा. लि. नं. २४२३१५** को **एफ एण्ड डि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०२/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**बोलपत्रद्वारा गोलिया काठरदाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०२/०६**

यस कमला गभार चुरे सा.व.उ.स., दुधौली नपा ४ र ६ सिन्धुलीको घाटगद्दी गरि राखेको विभित्र लटको साल जातको गोलिया थान ९३ को ९८९.२७ क्यू.फि. गोलिया काठ तथा दाउरा १ चट्टा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्रीकमला गभार चुरे सा.व.उ.स.**
**दुधौली- ४ र ६, सिन्धुली**

---

**बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित २०८३/०२/०६**

यस ब्रम्हठाकुर सा.व.उ.स. हरिहरपुरगढी गा.पा. ६, सिन्धुलीबाट आ.व. २०८२/०८३ मा उत्पादन भई राँगेदोभान, हरिहरपुरगढी गा.पा. ६, सिन्धुलीमा घाटगद्दि गरी राखिएको विभिन्न लटको साल जातको गोलिया थान १४५ को १९९०.६३ क्यू.फि गोलिया काठको व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री ब्रम्हठाकुर सा.व.उ.स.**
**हरिहरपुरगढी गा.पा.- ६, सिन्धुली**

---

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७८।०६।०४ मा प्रा.लि नं. २७२४३७ म दर्ता भएको ई. ढुवानी प्रा. लि. को मिति २०८३।०२।०४ मा सम्पन्न विशेष साधारण सभाको निर्णयले कम्पनी ऐन, २०६३ दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन वाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्नलिखित लिक्विडेटर कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः अधिवक्ता पूर्णप्रसाद पराजुली (इजाजत पब नं. ३८३) अनामनगर, काठमाडौं, सम्पर्क नं. ९८५१०२६३३२)**

---

**बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित २०८३/०२/०६**

यस वाङरिङ सालुके सा.व.उ.स.तिनपाटन ९ ,सिन्धुलीबाट आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल सहित अन्य जातको गोलिया थान २४७ को ३२४०.१७ क्यू.फि गोलिया काठ र ४.५०चट्टा साल दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**वाङरिङ सालुके सा.व.उ.स.**
**तिनपाटन ९, सिन्धुली**

---

**प्रमाण पत्र हराएको सूचना**

मिति २०८३/०१/०७ गते त्रिपुरेश्वर देखि कलंकीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**तपशिल**

नाम : **Sudip Shrestha (सुदीप श्रेष्ठ)**
कलेजको नाम : Gyan Kunja Awasiya Secondary School
ठेगाना :Ravibhawan, Kathmandu, Nepal
रजिष्ट्रेशन नं. : 813270320097
सिम्वोल नं. : 22707980
Migration Serial Number : M 1534942
Date of Issue : 2082-05-01 B.S.
: (2025/08/17 A.D.)
मोवाइल नं. : 9840310819

---

## मलेसियामा रोजगार

कम्पनी : **D & F MANAGEMENT HOLDINGS SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/११/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०५ | LT. No. 339425 | चलानी नं. ६०२५२८५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | House Keeping | 6 | 0 | 1700 | ६५,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १३ गते (27th May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sherpa International Manpower Consultancy Pvt. Ltd.** Govt. License 430/060/061
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821

---

## युएइमा रोजगार

कम्पनी : **ADAA EMPLOYMENT LLC**

पूर्व स्वीकृति मिति : २०८३/०२/०५ | LT. No. 342319 | चलानी नं. ६०२५५६५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 30 | 0 | 1400 | ५८,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason. | 15 | 0 | 1600 | ६७,११५ | | | | | | | |
| 3 | Steel Fixer | 15 | 0 | 1600 | ६७,११५ | | | | | | | |
| 4 | Suttering Carpenter | 15 | 0 | 1600 | ६७,११५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १३ गते (27th May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम इजाजत नं. १४२३/०७४/७५

---

## साउदीमा रोजगार

कम्पनी : **POWER ATLAS CO.LTD TRADING & CONTRACTING**

पूर्व स्वीकृति मिति : २०८३/०२/०५ | LT. No. 342343 | चलानी नं. ६०२५५६९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1500 | ६१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Loading And Unloading Labour | 4 | 0 | 1000 | ४१,०५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १३ गते (27th May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०

---

## कतारमा रोजगार

कम्पनी : **STAR CITY FOR PEST CONTROL AND CLEANING**

पूर्व स्वीकृति मिति : २०८२/०९/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०५ | LT. No. 335253 | चलानी नं. ६०२४९०३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 1 | 0 | 2500 | १०५,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 0 | 1 | 1000 | ४२,२६५ | | | | | | | |
| 3. | Supervisor | 1 | 0 | 3000 | १२६,७९५ | | | | | | | |
| 4. | Receptionist | 0 | 1 | 1500 | ६३,३९५ | | | | | | | |
| 5. | Driver | 2 | 0 | 1400 | ५९,१७० | | | | | | | |
| 6. | Cleaning Officers | 2 | 0 | 1000 | ४२,२६५ | | | | | | | |
| 7. | Dry Cleaning Worker | 0 | 3 | 1000 | ४२,२६५ | | | | | | | |
| 8. | Pest Control Technicians | 5 | 0 | 1100 | ४६,४९० | | | | | | | |
| 9. | Pest Control Technician | 2 | 0 | 1100 | ४६,४९० | | | | | | | |
| 10. | Male Hospital Cleaner | 2 | 0 | 1000 | ४२,२६५ | | | | | | | |
| 11. | Representative | 1 | 0 | 2200 | ९२,९८० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १३ गते (27th May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SKY LINE OVERSEAS PVT. LTD.** Govt. License 1080/073/74
Badri Colony, Sukedhara-9, Kathmandu, Nepal, Tel: 4379385, E-mail: info@skylineoverseas.com.np

---

## कुवेतमा रोजगार

कम्पनी : **AL BARAKA KUWAITI GENERAL TRADING AND CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 342157 | चलानी नं. ६०२५५५९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Chef | 5 | 0 | 175 | ८७,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chef | 60 | 0 | 150 | ७४,७८६ | | | | | | | |
| 3. | Chef De Partie | 5 | 0 | 200 | ९९,७१४ | | | | | | | |
| 4. | Electrician. | 5 | 0 | 180 | ८९,७४३ | | | | | | | |
| 5. | Host | 5 | 0 | 150 | ७४,७८६ | | | | | | | |
| 6. | Hostess | 0 | 5 | 150 | ७४,७८६ | | | | | | | |
| 7. | Housekeeping | 30 | 30 | 120 | ५९,८२९ | | | | | | | |
| 8. | Life Guards | 5 | 0 | 200 | ९९,७१४ | | | | | | | |
| 9. | Light Driver | 5 | 0 | 200 | ९९,७१४ | | | | | | | |
| 10. | Manicurist/pedicurist | 0 | 5 | 250 | १,२४,६४३ | | | | | | | |
| 11. | Receptionist | 0 | 5 | 200 | ९९,७१४ | | | | | | | |
| 12. | Restaurant Supervisor | 5 | 0 | 200 | ९९,७१४ | | | | | | | |
| 13. | Steward/stewardness. | 30 | 30 | 100 | ४९,८५७ | | | | | | | |
| 14. | Telephone & Swith Operator | 5 | 0 | 200 | ९९,७१४ | | | | | | | |
| 15. | Waiter/waitress | 25 | 25 | 120 | ५९,८२९ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १३ गते (27th May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.** Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

---

## साउदीमा रोजगार

कम्पनी : **WATANIA STEEL FACTORY CORP.**

पूर्व स्वीकृति मिति : २०८३/०२/०५ | LT. No. 342346 | चलानी नं. ६०२५५६६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 2 | 0 | 1000 | ४१,०५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १३ गते (27th May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदर आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NEPAL HR SOLUTION PVT. LTD.** LIC No. 1082/073/74
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554, WhatsApp 9852651444
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

---

## कुवेतमा रोजगार

कम्पनी : **PRIMER LADIES BEAUTY SALON COMPANY**

पूर्व स्वीकृति मिति : २०८३/०२/०६ | LT. No. 342368 | चलानी नं. ६०२५५६६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 10 | 200 | ९९,७१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १३ गते (27th May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४ Srijanshil Marg, Basundhara, Kathmandu, Nepal Tel: +977 1 4442794, Ramesh Khadka 9801006239, E-mail : alkausar.hrm@gmail.com

---

## युएइमा रोजगार

कम्पनी : **NATIONAL CATERING COMPANY LIMITED-WLL**

पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०५ | LT. No. 314511 | चलानी नं. ६०२२८८५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Female | 0 | 10 | 800 | ३३,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner Male | 175 | 0 | 800 | ३३,५९० | | | | | | | |
| 3. | Waiter | 15 | 0 | 1000 | ४१,९४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १३ गते (27th May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BISHOJYOTI HR SOLUTION PVT. LTD.** श्रम इजाजत नं. १३१५/०७४/०७५
Basundhara-3, Kathmandu,Tel: +997-1-4016667, 4016669,
Email: info@bhrsolution.com, bishojyotihrsolution@gmail.com, Web: www.bhrsolution.com

# प्रहरीको तीनवर्षे रणनीतिक योजना सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल प्रहरीले नागरिक केन्द्रित प्रहरी सेवा र प्रविधिमैत्री रूपान्तरणलाई मुख्य प्राथमिकतामा राखेर आगामी तीन वर्षका लागि रणनीतिक योजना सार्वजनिक गरेको छ। प्रहरी प्रधान कार्यालय नक्सालमा मंगलबार एक कार्यक्रमको आयोजना गरी प्रहरी संगठनलाई अझै सक्षम, उत्तरदायी र भरोसायोग्य संस्थाका रूपमा स्थापित गर्ने लक्ष्यका साथ रणनीतिक योजना सार्वजनिक गरेको हो।

कार्यक्रममा प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले प्रविधिको अधिकतम प्रयोग गरी जनतालाई छिटोछरितो सेवा गर्ने लक्ष्यका साथ २०८३/८५ रणनीतिक योजना अगाडि सारिएको बताए। रणनीतिक योजना केवल कागजमा सीमित नभई यसको सफल कार्यान्वयनमा सम्पूर्ण प्रहरी अधिकारी प्रतिबद्ध हुनुपर्ने उनले बताए। 'हाम्रो मुख्य उद्देश्य नागरिकको विश्वास जित्नु हो, प्रविधिको अधिकतम प्रयोग गरी जनतालाई छिटो र छरितो सेवा दिनु हो,' उनले भने।

प्रहरी महानिरीक्षक कार्कीले उक्त रणनीतिक योजनाले नेपाल प्रहरीलाई दक्षिण एसियाकै एक उत्कृष्ट र भरपर्दो सुरक्षा निकायका रूपमा स्थापित गर्ने विश्वास व्यक्त गरे। योजनाले नेपाल प्रहरीलाई समयसापेक्ष आधुनिक र नागरिकमैत्री बनाउने लक्ष्य राखेको उनले बताए।

रणनीतिक योजनाको मुख्य विषय 'चुस्त प्रहरी सेवा-सुरक्षित समुदाय' रहेको छ। उक्त रणनीतिमा सातवटा रणनीतिक क्षेत्र, ३६ वटा रूपान्तरणकारी रणनीति र ९९ वटा मुख्य कार्यक्रम समेटिएका छन्।

उक्त रणनीतिको अल्पकालीन लक्ष्यमा नीतिगत र कानुनी सुधार, समुदाय प्रहरी सहकार्य संस्थागत र सुदृढ, समस्या र पूर्वानुमानमा आधारित रोकथाम र नियन्त्रण प्रणाली, जनशक्तिको सेवा विशिष्टीकृत, अपराध अनुसन्धान र प्रहरी कार्यका विशिष्टीकरण र आधारभूत क्षमता स्थापना प्रहरी प्रशासन र सेवा प्रवाहका प्रणालीको कार्यदक्षता र कार्य प्रभावकारितामा सुधार समेटिएका छन्।

यस्तै, दीर्घकालीन लक्ष्यमा समाजमा शान्ति सुव्यवस्था, न्यायिक पहुँच र प्रहरी सेवा प्रवाहको स्तरमा अभिवृद्धिद्वारा सुशासन प्रवर्द्धन, पारदर्शी प्रहरीद्वारा जनविश्वास र सन्तुष्टिको स्तरमा अभिवृद्धि, अपराध रोकथाम, नियन्त्रण र अनुसन्धानमा प्रभावकारिता, दक्ष, नैतिकवान् र उत्प्रेरित मानव संसाधन, सुदृढ पूर्वाधार र कार्यवातावरण रहेका छन्।

रणनीतिक क्षेत्र तथा लक्ष्यमा नीति, योजना र अन्तर्राष्ट्रिय समन्वय, शान्ति सुरक्षा र विपद् व्यवस्थापन, अपराध रोकथाम र नियन्त्रण, प्रविधिमार्फत अपराध अनुसन्धान, दक्ष र उच्च मनोबलयुक्त जनशक्ति तयार पार्ने, भौतिक पूर्वाधार र स्रोत साधनको सुदृढीकरण तथा सूचना प्रविधि र एआईको प्रयोग रहेका छन्।

प्रहरी प्रधान कार्यालय अन्वेषण योजना तथा विकास निर्देशनालयले तयार पारेको उक्त रणनीतिले प्रहरीले अल्पकालीनरूपमा नीतिगत र कानुनी सुधार, जनशक्तिको वृत्ति विकास र अपराध रोकथाम प्रणालीमा सुधार गर्ने लक्ष्य राखेको छ। त्यस्तै, दीर्घकालीनरूपमा समाजमा शान्ति सुव्यवस्था कायम गर्ने, पारदर्शी प्रहरी सेवामार्फत जनविश्वास आर्जन गर्ने र दक्ष एवं नैतिकवान् मानव संसाधन विकास गर्ने उद्देश्य लिइएको छ।

प्रहरी प्रधान कार्यालय अन्वेषण योजना तथा विकास निर्देशनालयका प्रहरी नायब महानिरीक्षक राजेन्द्रप्रसाद भट्टले उक्त रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि वार्षिक कार्ययोजना निर्माण गरिने र महानिरीक्षकदेखि इलाका प्रहरी कार्यालयसम्मका कार्यालय प्रमुखले कार्यसम्पादन सम्झौता गरी काम गर्नुपर्ने व्यवस्था गरिएको जानकारी दिए। उक्त कार्यले प्रहरी सेवालाई थप पारदर्शी र परिणाममुखी बनाउने अपेक्षा प्रहरी प्रधान कार्यालयले गरेको छ।

### 'नेपाल पुलिस मोबाइल एप' सार्वजनिक

सोही अवसरमा नागरिकको सुविधाका लागि 'नेपाल पुलिस मोबाइल एप' मार्फत अनलाइन गुनासो व्यवस्थापन प्रणालीको शुभारम्भ गरिएको छ। नागरिकले प्रहरी कार्यालयमै नगई मोबाइल एपमार्फत आफ्ना उजुरी र गुनासोहरू दर्ता गर्नेगरी उक्त एप्स सञ्चालनमा ल्याइएको हो। दर्ता भएका गुनासोको अवस्था पनि 'डिजिटल' रूपमै 'ट्र्याक' गर्न सकिने व्यवस्था मिलाइएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। उक्त कार्यले प्रहरी सेवामा पारदर्शिता र उत्तरदायित्व बढाउने विश्वास लिइएको छ।

# 'ग्रे लिस्ट' बाट बाहिरिने विषयमा छलफल

**काठमाडौं (प्रस)–** प्रहरी महानिरीक्षक दानबहादुर कार्कीसँग एसिया प्यासिफिक ग्रुप अन मनी लाउण्डरिङ (एपिजी)का प्रतिनिधिमण्डलले भेटवार्ता गरेको छ।

प्रहरी प्रधान कार्यालय नक्सालमा मंगलबार भएको भेटमा प्रहरी महानिरीक्षक कार्कीले नेपाललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी सघन निगरानीको सूची (ग्रेलिस्ट) बाट बाहिर निकाल्न चालिएका कदमबारे अवगत गराएका थिए। नेपालले प्रस्तुत गरेको कार्ययोजनाको कार्यान्वयनमा प्रमुख कानुन कार्यान्वयन गर्ने निकायका रूपमा नेपाल प्रहरीको भूमिकाबारे विस्तृत छलफल भएको थियो।

भेटका क्रममा प्रहरी महानिरीक्षक कार्कीले सम्पत्ति शुद्धीकरण निवारण प्रणालीलाई मजबुत बनाउन नेपाल प्रहरीले अन्य सरोकारवाला निकायसँग गरिरहेको प्रभावकारी समन्वय र कारबाहीको अवस्थाबारे जानकारी गराएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

यस्तै, प्रहरी कर्मचारीको क्षमता अभिवृद्धि, प्राविधिक सहयोग र आगामी कार्यदिशाका विषयमासमेत दुई पक्षबीच कुराकानी भएको थियो। भेटमा एपिजीका डेपुटी एक्जुकेटिभ सेक्रेटरी डेभिड श्यानन र पोलिसी अफिसर किया सासलको सहभागिता रहेको थियो। भेटका क्रममा उनीहरूले वित्तीय अपराध नियन्त्रणका लागि सूचना आदानप्रदान, आपसी सहयोग र अन्तर्राष्ट्रिय समन्वयलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए। उक्त भेटमा वित्तीय जानकारी एकाइका प्रमुख तथा पदाधिकारी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव, नेपाल राष्ट्र बैंकका निर्देशक र प्रहरी अधिकृतहरूको सहभागिता थियो।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०२/०६ गते**

यस कम्पनीको मिति २०८३/०१/१८ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **नेशनल बाथरोग एण्ड स्किन केयर सेन्टर प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **दाङ बाथरोग एण्ड स्किन केयर सेन्टर प्रा.लि. (प्रा.लि.नं. ३८७३२४)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०७/२४ मा दर्ता कायम भएको **नमसेवल ना चेरेरे कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि.नं. २२७८५५/२०७६/०७७)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०२/०३ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**खारेजीकर्ता (लिक्विडेटर) श्री श्रवण कुमार श्रेष्ठ**
**इजाजत पत्र नं. ४०४, फोन नम्बर ९८५१२१७००४**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७७/०५/३१ मा दर्ता भएको प्रा.लि.नं. २४२०४६ को **अतिथि एग्रो एण्ड मल्टिपर्पोज फर्म प्राइभेट कम्पनी** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०२/०६ गते**

यस कम्पनीको मिति २०८३/०२/०१ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **माता मनकामना फ्रेस मिट एण्ड कोल्ड स्टोर प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०२/०४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **गाउँले खसी प्रा.लि. (प्रा.लि.नं. ८६३०३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मिति २०८३ साल जेठ महिना ६ गते बुधबार)

गंगे कामीको नातिनी छोटे कामीको छोरी बागमती प्रदेश सिन्धुली जिल्ला तिनपाटन गा.पा. वडा नं.०१ बस्ने वर्ष ४२ को मन्दिरा कामीको मिति २०८२-०४-०१ मा मृत्यु भएकोले निजको नाममा यस विकास बैंक लि.को शाखा कार्यालय कमलामाईमा रहेको बचत खातामा भएको निक्षेप रकम भुक्तानी पाउँ भनी बागमती प्रदेश सिन्धुली जिल्ला जरायटार गा.पा. वडा नं.०८ स्थायी ठेगाना भई हाल बागमती प्रदेश सिन्धुली जिल्ला तिनपाटन गा.पा. वडा नं. ०१ बस्ने श्री छोटे कामीले निवेदन दिनुभएकोले उक्त बचत रकममा निज निवेदक बाहेक अन्य कोही कसैको हकदाबी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ (२) बमोजिम अग्राधिकारवाला हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विकास बैंकको शाखा कार्यालय कमलामाईमा सबुत प्रमाण सहित दाबी निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगेको तथा म्याद भुक्तान पश्चात प्राप्त निवेदन उपर कुनै कारबाही नहुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## साउदीमा रोजगार

कम्पनी : SPIRIT OF GROWTH UNITED COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 342273 | चलानी नं. ६०२५५६२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COFFEE SERVER (WAITER) | 1 | 0 | 1500 | ६१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १३ गते (27th May 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**SYNNET INTERNATIONAL PVT.LTD.**
Synnet International Pvt. Ltd. Licence No.: 206/057/058
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com
ISO 9001: 2008 Certified Company | Certified No. 70902

## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर
## ZERO COST EMPLOYMENT TO MALAYSIA

कम्पनी : मुडा पेपर कन्भर्टिङ एसडिएन. भिएचडी.
COMPANY: Muda Paper Converting Sdn.Bhd.

| | | |
|---|---|---|
| Pre Approval Date : 2026-05-18 | चलानी नं. ६०२५५६०० | एल टि न. ३४२२६९ |
| पूर्व स्वीकृति मिति : २०८३/०२/१४ | Invoice No. 60255600 | LT. No. 342269 |

| सि.नं | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 4 | 0 | राम्रो अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा जान्ने हुनु पर्ने छ | 1700 | ६५,९९६ | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : फेगरडाला मलेसिया एसडीएन. भिएचडी.
COMPANY: Fagerdala Malaysia Sdn Bhd

| | | |
|---|---|---|
| Pre Approval Date : 2026-05-19 | चलानी नं. ६०२५५६४९ | एल टि न. ३४२३२२ |
| पूर्व स्वीकृति मिति : २०८३/०२/०५ | Invoice No. 60255649 | LT. No. 342322 |

| सि.नं | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/P.O. | 6 | 0 | राम्रो अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा जान्ने हुनु पर्ने छ | 1700 | ६५,९९६ | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छैन | छ | २ वर्ष |

No Sub –Agents Policy: We request applicant not to use any sub-agents or mediators. This is a zero cost recruitment and does not require the applicants to pay any amount of fee or kind,including intermediations.
चादनी रिकुमेन्ट सिर्भिस सेन्टरको नाममा कुनै पनि व्यक्ति, एजेन्ट वा सहायक प्रतिनिधि प्रयोग नगर्नु हुन हामी अनुरोध गर्दछौ। यो शुन्य लागत अन्तर्गत रोजगारी हो। त्यस कारण निवेदकहरुले कुनै पनि प्रकारको शुल्क वा खर्च व्यहोर्नु पर्दैन। सबै प्रकारका खर्चहरु रोजगारदाताले व्यहोर्ने छ।

| Medical Examination cost मेडिकल परिक्षण शुल्क | Visa fee (भिषा शुल्क) | Insurance Fee in Nepal & Malaysia नेपाल र मलेशियामा गरिने बिमाशुल्क | Transportation Lodging & Food ढुवानी बस्ने र खाना | Orientation अभिमुखिकरण शुल्क | Workers Welfare Fund कामदारको कल्याणकारी कोष शुल्क | Air Ticket Cost हवाइ टिकट शुल्क | Agency Service Fee सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|
| ६५००/– रोजगारदाता (Employer) 6500/- | रोजगारदाता provided by employer | उमेर ३६ सम्म ३७०८/ उमेर ३६ भन्दा माथि ४९३१/- रोजगारदाता (Employer) 3708/4931/- | रोजगारदाता (Employer) | ७००/– रोजगारदाता (Employer) 700/- | १५००/– रोजगारदाता (Employer) 1500/- | रोजगारदाता (Employer) | रोजगारदाता (Employer) |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १३ गते (27th May 2026) मा हुनेछ।**
**Candidates with working experience in a press in Malaysia will be given high priopity.**
**मलेसियास्थित प्रेशमा काम गरेको अनुभविलाई विशेष प्राथमिकता दिइनेछ।**

- This is a zero cost recruitment as per zero cost policy. All expenses are borne by the employer, so no fees need to be paid to manpower agency or any other person.
यो शुन्य लागत अन्तर्गत रोजगारी हो। यसमा सबै खर्चहरु रोजगारदाताले व्यहोंने छ तसर्थ उम्मेदवारले कुनै पनि खर्च व्यहोंनुपर्ने छैन।
- Chadani doesn't have any branch offices or representatives.
चादनीको कुनै पनि शाखा वा सहायक प्रतिनिधिहरु छैनन्। कृपया रोजगारीको लागि चादनीको चन्डोल स्थित कार्यालयमा मात्र सम्पर्क गर्नुहोला।
- Chadani doesn't use any recruitment intermediaries or sub agents.
चादनीले कुनै भर्ती मध्यस्थकर्ता वा उपएजेन्टहरु प्रयोग गर्दैन।
- All recruitment will be done in a fair manner and there will be no discriminations against race, gender, caste, religion, sexual orientation, etc. and will be an equal opportunity employment.
सबै छनौट प्रकृया निश्पक्ष रुपमा गरिनेछ र कसैलाइ पनि वर्ग ,लिङ्ग, जाती, धर्म आदिका बारेमा कुनै पनि भेदभाव गरिने छैन। सबैलाई समान अवसर प्रदान गरिने छ।
- No fee required, including cash, or kind (gold, jewelry, land, livestock, etc.).
कुनै पनि नगद वा जिन्सी सुन, गहना, जग्गा, जमिन पशु चौपाय लिइने छैन।

For any grievances or reports regarding corruption. Illegal recruitments, false & misleading information's during any steps of the recruitment process, please contact us on independent helpline no 9851074015 or email us at help.chandanirecruitment@gmail.com, We will ensure your confidentiality.
कुनै पनि गुनासो वा प्रतिक्रिया छन भने (शुल्क मागेमा, अवैध एजेन्ट सम्पर्कमा आएमा, गलत तथा भ्रमात्मक सुचना दिएमा) कृपया हाम्रो ९८५१०७४०१५ वा help.chandanirecruitment@gmail.com मा सम्पर्क गर्नुहोला। यसरी दिएको जानकारी गोप्य रहनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD**
1610/079/80
Bansidhara Marga, Chandol-4, Kathmandu,Nepal, Tel: +977-5914697, 5914698, Manohari Adhikari 9851327379, Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np

## ओमनमा रोजगार

कम्पनी : NATIONAL DISTRIBUTION COMPANY LLC
पूर्व स्वीकृति मिति : २०८३/०२/०५ | LT. No. 342106 | चलानी नं. ६०२५५६४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 30 | 0 | 100 | ४०,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १३ गते (27th May 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.**
Govt.Lic. No 1726/081/082
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9860603888, 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com

## मलेसियामा रोजगार

कम्पनी : HOCHUEN MEDICAL SDN. BHD.
पूर्व स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 342297 | चलानी नं. ६०२५५५९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Operator | 3 | 6 | 1700 | ६५,८९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १३ गते (27th May 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**DREAMLAND MANAGEMENT PVT.LTD.**
Tokha-5, Dhapasi, Kathmandu, Nepal +977-1-4965939, 4982814,
+977-1-4984392, Harish Sinjali : 9702025933, dreamlandmgmt776@gmail.com www.dreamlandmgmt.com
Govt. License 776/065/066

## युएइमा रोजगार

कम्पनी : PRO ELITE MIDDLE GENERAL MAINTENANCE - L.L.C O.P.C
पूर्व स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 342306 | चलानी नं.६०२५५५९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electricians | 7 | 0 | 1500 | ६२,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | A Tile Fitter | 8 | 0 | 1500 | ६२,९२० | | | | | | | |
| 3 | Labourer / Worker/ Building Worker / Worker | 8 | 0 | 1200 | ५०,३३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १३ गते (27th May 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

## मलेसियामा रोजगार

कम्पनी : KCA AMUSEMENT WORLD SDN BHD
पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342063 | चलानी नं. ६०२५५६०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKMAN | 4 | 0 | 1700 | ६२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १३ गते (27th May 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**B.M. Overseas Pvt. Ltd.**
Bijuli Bazar, New Baneshwor, KTM, Tel: +977-1- 4790292
E-mail: info@bmoverseas.com Website : www.bmoverseas.com
श्रम ईजाजत नं. ३८५/०५९/०६०

## कुवेतमा रोजगार

कम्पनी : CLEAN AL KUWAIT | शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८३/०२/०५ | चलानी नं.: ६०२५५६५८ | LT.No.: 342378

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 3 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ५०,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaners Indoor (Female) | 0 | 4 | | 100 | ५०,१५० | | | | | | | |
| 3. | DRIVER (LIGHT VEHICLE) | 1 | 0 | | 140 | ७०,२१० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ जेठ १३ गते (27 May, 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि: शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

## नोवल बहुउद्देश्यीय सहकारी संस्था लि.

मानभवन ललितपुर ०१-५००८२४५, ५४२८०१९

### कर्जा तिर्न आउने बारे ७ (सात) दिने अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति २०८३।०२।६ गते**

यस संस्थाबाट व्यवसायिक प्रयोजनको लागि तपसिलमा उल्लिखित सदस्यले ऋण कर्जा लिनु भएकोमा उक्त ऋण कर्जा लिंदा संस्थासंग भए गरेका ऋण संझौता, शर्त तथा कबुलियतनामा बमोजिम तोकिएको भाखाभित्र बुझाउनुपर्ने साँवा, व्याज तथा अन्य दस्तुर समयमै भुक्तानी नगरी संस्थासंग भएको संझौताको उलंघन गर्नु भएकोले संस्थाको बाँकी लेनादेना रकम चुक्ता गर्न पटक-पटक लिखित तथा मौखिक रुपमा ताकेता गरिएकोमा आजको मितिसम्म समेत कर्जा रकम चुक्ता नगरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र संस्थालाई बुझाउनुपर्ने सम्पूर्ण रकम तिरी बुझाई आफ्नो दायित्व पूरा गर्न सम्बन्धित ऋणी, जमानीकर्ता तथा सम्बद्ध सबै पक्षलाई यसै सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा प्रचलित सहकारी ऐन तथा नियमावली बमोजिम धितो सम्पत्ति लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई जानकारी गराइन्छ।

| ऋणिको नाम | फोटो | कर्जा सुरक्षण विवरण |
|---|---|---|
| **ऋणिको नाम : अरुणा भन्ने श्री मिलन कुमारी लिम्वु (बर्ष ३५)**<br>ना.प्र.नं.०११००४/२०१ ताप्लेजुङ<br>बाबुको नाम : सैलेन्द्र बहादुर लिम्वु<br>बाजेको नाम : पदम सिं लिम्वु<br>ठेगाना : चाँगे गा.बि.स.वडा.नं.५ ताप्लेजुङ<br>हाल, महालक्ष्मी न.पा.०८, ललितपुर |  | १. पदम सिं लिम्वुको नातिनी सैलेन्द्र बहादुर लिम्वुको छोरी मिलन कुमारी लिम्वुको नाममा ललितपुर मालपोत कार्यालय लगनखेलमा दर्ता श्रेष्ता रहेको, ललितपुर जिल्ला, साविक टिकाथली गा.वि.स-६, हाल महालक्ष्मी न.पा.वडा नं.८ स्थित कित्ता नं.२७५५ को क्षे.फ.०-०-०-० (२७७ व.मि.) जग्गा र सो ले चर्चेको लिगलगापत समेत........ |
| **जमानीकर्ता**<br>**१. मिलन भन्ने दावाङज्यू तामाङ (बर्ष ४८)**<br>ना.प्र.नं.६६१६४ काभ्रेपलाञ्चोक<br>बाबुको नाम : हर्क सिं तामाङ<br>बाजेको नाम : नारायण सिं तामाङ<br>मेच्छे वडा नं.०३, काभ्रे,<br>हाल, महालक्ष्मी न.पा.०८, ललितपुर |  | |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## संसद्प्रतिको उदासीनता लोकतन्त्रका लागि घातक

संसदीय लोकतन्त्रको सुन्दरता नै संसद्प्रतिको सरकारको जवाफदेहिता र उत्तरदायित्वमा अडिएको हुन्छ । जनताका प्रतिनिधिहरूले नीति, निर्माण र बजेटमाथि गर्ने बहस केवल औपचारिक कर्मकाण्ड होइनन्, ती नागरिकका आवाज हुन् । तर, वर्तमान झण्डै दुईतिहाइ बहुमतसहितको वालेन्द्र शाह नेतृत्वको सरकारले 'विगतको परम्परा भत्काउने' नाममा जुन किसिमको संसदीय अभ्यास र मर्यादाविपरीतको बाटो समातेको छ, त्यसले लोकतान्त्रिक मूल्य–मान्यतामाथि नै गम्भीर प्रहार गरेको छ । बहुमतको बलमा संसद्लाई 'रबर स्टयाम्प' बनाउन खोज्नु र कमजोर प्रतिपक्षलाई पेलेरै अगाडि बढ्ने नीति अख्तियार गर्नु स्वेच्छाचारिताको पराकाष्ठा हो ।

सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने क्रममा प्रधानमन्त्री शाहले प्रदर्शन गरेको व्यवहार कुनै पनि अर्थमा संसदीय मर्यादा अनुकूल छैन । राष्ट्रपतिले संघीय संसद्को संयुक्त बैठकमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा बीचमै उठेर हिँड्नु र त्यसपछि संसद्मै नफर्कनुले प्रधानमन्त्री स्वयंले आफ्नै नीति र कार्यक्रमको अपनत्व ग्रहण गर्न नसकेको प्रमाणित गर्छ । प्रतिपक्षले प्रधानमन्त्रीको उपस्थितिको माग गर्दै संसद् अवरोध गर्दासमेत बहुमतको आडमा पेलेरै नीति तथा कार्यक्रम पारित गरिनुले लोकतान्त्रिक सहमतीय संस्कारको उपेक्षा गरेको छ । प्रधानमन्त्री स्वयं उपस्थित भएर संसद्लाई चित्तबुझ्दो जवाफ दिनुपर्नेमा अर्थमन्त्रीलाई अघि सारेर पन्छिनु संसदीय जवाफदेहिताबाट भाग्ने प्रवृत्ति हो ।

यस्तै गैरजिम्मेवार प्रवृत्तिको निरन्तरता आगामी बजेटको सिद्धान्त र प्राथमिकताको छलफलमा पनि देखिएको छ । संसद्मा बजेटको सिद्धान्तमाथि देशको अर्थतन्त्रको दिशा तय गर्ने संवेदनशील बहस चलिरहँदा कुर्सीहरू खाली देखिनु र विभागीय मन्त्री (अर्थमन्त्री डा. स्वर्णिम वाग्ले) नै अनुपस्थित हुनु संसदीय अभ्यासकै उपहास हो । विगतका लोकतान्त्रिक अभ्यासहरूमा यस्ता महत्त्वपूर्ण छलफलहरूमा सम्बन्धित मन्त्रीको उपस्थिति अनिवार्य मानिन्थ्यो । तर, वर्तमान अर्थमन्त्री जवाफ दिने बेलामामात्र संसद्मा प्रकट हुनुले सरकारले संसद्लाई केवल औपचारिकता पूरा गर्ने थलोका रूपमामात्र बुझेको स्पष्ट हुन्छ ।

यही प्रवृत्तिका कारण संसद्मा तीव्र असन्तुष्टि चुलिएको छ । प्रतिपक्षी दलबम समंसदले संसद्मा नाराबाजी गर्दै बैठक बहिष्कार गर्नु र सत्तापक्षकै सांसदहरू जगदिश खरेल र अमरेशकुमार सिंहले आफ्नै सरकार र अर्थमन्त्रीको गैरजिम्मेवारीपनप्रति आक्रोश पोख्नुले परिस्थिति कति गम्भीर छ भन्ने देखाउँछ । जब सत्तापक्ष र प्रतिपक्ष दुवैतर्फका सांसदहरूले सरकारको उदासीनतामाथि प्रश्न उठाउँछन्, तब सरकारले आफ्नो कार्यशैलीमाथि गम्भीर आत्मसमीक्षा गर्नैपर्छ ।

कार्यपालिका व्यवस्थापिकाको गर्भबाट जन्मने हुनाले सरकार सधैं संसद् मातहत र त्यसप्रति उत्तरदायी हुनुपर्छ । दुईतिहाइको बहुमत प्राप्त हुनुको अर्थ संसद्लाई उपेक्षा गर्ने लाइसेन्स पाउनु होइन, बरु अझ बढी जिम्मेवार र जवाफदेही बन्नु हो । नयाँ र वैकल्पिक सोचका साथ परम्परा भत्काउने दाबी गर्ने सरकारले संसदीय प्रणालीका स्थापित र सुन्दर मान्यताहरूलाई नै भत्काउन उद्धत हुनु दुर्भाग्यपूर्ण छ । तसर्थ, सरकारले तत्काल आफ्नो दम्भ र स्वेच्छाचारी शैली त्यागेर संसद्को गरिमालाई स्वीकार्नुको विकल्प छैन । प्रधानमन्त्री र मन्त्रीहरू संसद्का हरेक छलफलमा उपस्थित भई जनप्रतिनिधिहरूका प्रश्नको सामना गर्न तयार हुनैपर्छ । संसद्लाई छलेर वा कमजोर ठानेर अघि बढ्ने दुस्साहस सरकार स्वयं र समग्र लोकतान्त्रिक प्रणालीका लागि प्रत्युत्पादक सावित हुने छ ।

### श्रम सरोकार

## विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरू

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

### वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमाः

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालन लगायत) मा लगानी गरी आय आर्जन बढाउने ।

# सार्वजनिक नीति तर्जुमा, कार्यान्वयन र मूल्यांकन



❑ गम्भीरबहादुर हाडा

> “ सार्वजनिक नीतिले सम्बद्ध पक्षमा पार्ने सन्तुष्टिको आधारमा नीतिको कार्यान्वयन प्रभावकारिताको यस दृष्टिकोणले जाँच गर्दछ । कानुनी आधार युक्त दस्तावेज, बहुजन हितकारी, आमप्रभाव, उद्देश्य उन्मुखता, शृंखलाबद्ध क्रियाकलाप, यथार्थ वा वास्तविक कार्य, कानुन तथा अधिकारसम्मत, सकारात्मक, नकारात्मक, सांकेतिक महत्त्व, आध्यात्मिकता आदि यसका विशेषता हुन् । नीति अल्पकालीन, मध्यकालीन र दीर्घकालीन हुन्छन् । नागरिक र सरकारबीचको सेतुको काम गर्ने नीतिले राष्ट्रको गतिलाई निर्दिष्ट गर्दछ ।

नीति भन्नाले के गर्ने या नगर्ने भन्ने पक्षलाई निर्धारण गर्ने निर्देशिका हो । यो कुनै कार्य गर्नलाई बनाइएको पूर्वनिर्धारित योजना पनि हो । नीतिले सामान्यतया कुनै कार्य सञ्चालनका खातिर मार्गनिर्देश प्रदान गर्दछ । फलस्वरूप कार्यक्रम सफलतापूर्वक सञ्चालन गर्न सकियोस् । फरक-फरक पार्टी, सरकार तथा राज्यका आ-आफ्नै नीति रहेका हुन्छन् जसले भविष्यमा सञ्चालन गरिने कार्यक्रम तथा योजनालाई निर्देषित गर्दछ । त्यही निर्देशिका जसलाई हामी नीति भन्दछौं । त्यसैअनुसार नै योजना बन्ने, कार्यक्रम सञ्चालन हुने तथा कार्यान्वयन हुने गर्दछ ।

समग्रमा विकास नीति भन्नाले मानिसको गुणात्मक परिवर्तन गर्न र सामाजिक न्याय स्थापना गरी सम्मुन्नत समाज स्थापना गर्न बनाइएको पूर्वनिर्धारित खाका, निर्देशिका हो । विकास नीति, समय, परिस्थिति र विचारधाराको आधारमा परिवर्तन हुन सक्दछ तर यसको केन्द्रबिन्दु भने सदैव मानवीय हित तथा कल्याण नै हुनु जरुरी छ । प्रक्रियागत दृष्टिकोण जसले सार्वजनिक नीति निर्माण र कार्यान्वयनको प्रक्रिया र विधिमा जोड दिन्छ । उपलब्धि र नतिजाको दृष्टिकोण जसले सार्वजनिक नीति निर्माणलाई यसले गर्ने उत्पादन र समाजमा ल्याउने परिवर्तनलाई प्राथमिकता प्रदान गर्दछ ।

सार्वजनिक नीतिले सम्बद्ध पक्षमा पार्ने सन्तुष्टिको आधारमा नीतिको कार्यान्वयन प्रभावकारिताको यस दृष्टिकोणले जाँच गर्दछ । जनताप्रतिको उत्तरदायित्व प्रभावकारीरूपमा निभाउने क्रममा सरकारद्वारा गरिने नीतिगत विषयको चयन र स्वीकृति भइसकेपछि त्यस्ता नीतिगत प्रतिबद्धतालाई कार्यान्वयनमा उतार्नका लागि आवश्यक मार्गदर्शन, उद्देश्य निर्धारण, प्राथमिकता निर्धारण, आवश्यकताबमोजिमको साधन स्रोतको अनुमान संस्थागत बन्दोबस्त एवं कार्यान्वयनका समष्टीगत प्रारूपलाई नै सार्वजनिक नीतिको तर्जुमा भनिन्छ ।

कानुनी आधारयुक्त दस्तावेज, बहुजन हितकारी, आमप्रभाव, उद्देश्य उन्मुखता, शृंखलाबद्ध क्रियाकलाप, यथार्थ वा वास्तविक कार्य, कानुन तथा अधिकारसम्मत, सकारात्मक, नकारात्मक, सांकेतिक महत्त्व, आध्यात्मिकता आदि यसका विशेषता हुन् । नीति अल्पकालीन, मध्यकालीन र दीर्घकालीन हुन्छन् । नागरिक र सरकारबीचको सेतुको काम गर्ने नीतिले राष्ट्रको गतिलाई निर्दिष्ट गर्दछ ।

सार्वजनिक नीति राज्य सञ्चालनको आधार भएको पृष्ठभूमिमा मूलतः सार्वजनिक हित संरक्षण गर्न, शान्ति सुरक्षा, रोजगारी, सामाजिक मूल्य र मान्यता संरक्षण गर्ने उद्देश्य प्राप्तिका निमित्त सार्वजनिक नीति तर्जुमा गरिन्छ । सार्वजनिक गतिविधि नियमित गर्न, विकास क्रियाकलाप सञ्चालन, राज्यको संलग्नताको आधार र सीमा, समाज/समुदाय/व्यक्तिको गतिविधि र क्रियाकलाप, परिवर्तनशील र प्रगतिशील समाजको निर्माण, विकासका पूर्वाधार सेवाको विकास, आम्दानी वृद्धिका क्रियाकलाप, जनचाहनालाई सम्बोधन अदिका लागि सार्वजनिक नीति तय गरिन्छ । सार्वजनिक नीति निर्माणमा तीनवटा क्रियाकलाप समावेश भएका हुन्छन् । पहिलो तर्जुमा, दोस्रो विश्लेषण र तेस्रो कार्यान्वयनका लागि तयारी र व्यवस्थापकीय तत्परता ।

नेपालमा सार्वजनिक नीतिको तर्जुमा गर्दा सरकारले सालबसाली ल्याउनैपर्ने कार्यक्रमहरू, पुराना नीतिमा प्रभावका उपचारमा संशोधन, समस्याको पहिचानका लागि सामान्यतः परामर्श प्रक्रिया सरकारी निकाय र बाहिर पनि अपनाइन्छ । सरकार र संसद्भन्दा बाहिर सरोकारवालाहरूसँग पनि छलफल अन्तरक्रिया गरिन्छ । उपयुक्त नीति सिफारिसका लागि समुदायहरू निर्माण गरिन्छ । जस्तोः संसद्मा विधेयक पेस भएपछि सम्बन्धित विषय समितिहरूमा पठाइन्छन् । समिति, आयोग आदिले गरेको नीतिको सिफारिस उपयुक्त छ छैन भन्ने कुराको राम्रोसँग हेर्ने गरिन्छ । अन्तरसम्बन्धित मुद्दाहरूमा अन्य सम्बद्ध मन्त्रालयको पनि सहमति लिइन्छ । कतिपय नीतिहरू सरकारले गोपनीयताको आधारमासमेत ल्याउन सक्ने अवस्थाको रहन्छ ।

नेपालको संविधान २०७२ को भाग-७ मा संघीय कार्यपालिका व्यावस्था गरिएको छ । संविधानको धारा ७४ मा नेपालको शासकीय स्वरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुने उल्लेख छ । धारा ७५ मा नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानुनबमोजिम मन्त्रिपरिषद्मा निहित हुने तथा यो संविधान र कानुनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्मा हुने भन्ने व्यवस्था गरिएको छ । यसैगरी नेपालको संघीय कार्यकारिणी सम्बन्धी सम्पूर्ण काम नेपाल सरकारको नाममा हुने, उपधारा (३) बमोजिम नेपाल सरकारको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण संघीय कानुनबमोजिम हुने उल्लेख छ ।

नेपालमा राष्ट्रिय विकास एवं समुन्नतिका लागि आवश्यक राष्ट्रिय योजना तयार गर्नका लागि राष्ट्रिय योजना आयोगको व्यवस्था छ । यो आयोगले राष्ट्रिय आवश्यकताको पहिचान गरी सम्बन्धित विभाग मन्त्रालयको आ-आफ्नो क्षेत्रको प्रस्तावित क्षेत्रगत विकास योजना वा कार्यक्रमको आधारमा राष्ट्रिय योजना तयार गर्दछ । राष्ट्रिय योजनामा राष्ट्रिय उद्देश्य, लक्ष्य आदि निश्चित गरिन्छन् । यी लक्ष्य एवं उद्देश्य हासिल गर्न योजना आयोगले विकास नीतिहरू तर्जुमा गर्दछ । यी नीतिहरू पनि यथार्थमा सार्वजनिक नीति नै हुन् । यसरी विकास नीति एवं कार्यक्रम सम्बन्धमा यसलाई सुझाव परामर्श दिन सरकारी संयन्त्रलगायत समाजका विभिन्न वर्ग एवं समुदायको प्रतिनिधित्व भएको राष्ट्रिय विकास परिषद्को पनि व्यवस्था छ ।

यस अर्थमा सार्वजनिक नीति प्रतिपादनको क्षेत्रमा विशेषतः आर्थिक, सामाजिक नीति प्रतिपादनमा राष्ट्रिय योजना आयोगले पनि निर्णायक भूमिका खेल्दछ । अर्को पक्षबाट अध्ययन गर्दा राष्ट्रिय योजना आयोग यद्यपि यो स्वतन्त्र निकाय हो र यसको उपाध्यक्ष एवं सदस्यहरू योजनाविद् एवं विशेषज्ञका रूपमा सरकारबाट नै राजनीतिक नियुक्ति गरिन्छन् । सरकारको विकास नीति यिनीहरूबाट नै तर्जुमा हुन्छ । तापनि व्यापक अर्थमा यसले प्रतिपादन गरी कार्यान्वयन गर्ने नीति यसको आफ्नै नभई सरकारकै नीति हो ।

सार्वजनिक नीतिको कार्यान्वयनमा विभिन्न बाधा तथा समस्याहरू देखिन्छन् । जसमा स्थानीय निकायहरूको कमजोर संस्थागत क्षमता, योजना सञ्चालन गर्दा अनुगमन हुन नसक्नु, स्थानीय स्वायत्त शासन ऐनमा व्यवस्था भएका प्रावधानहरूको पूर्णकार्यान्वयन हुन नसक्नु, ऐनसँग बाझिएका कतिपय अन्य ऐनहरू संशोधन हुन नसक्दा कार्यान्वयनमा अन्योल रहनु, स्थानीय निकायहरूमा चुहावट नियन्त्रण तथा वित्तीय अनुशासन पूर्णरूपमा लागू हुन नसक्नुलगायत रहेका छन् । काममा दोहोरोपना, योजनाहरूमा पर्याप्त प्राविधिक सहयोग पुग्न नसक्दा समयमा र गुणस्तरयुक्त तवरले योजना सम्पन्न हुन नसक्नु, स्थानीय निकायमा कार्यरत कर्मचारीहरूको कार्यबोझ, बहुविषयक विशेषज्ञताको आवश्यकताअनुरूप क्षमता अभिवृद्धि गर्न नसक्नुले पनि नीति कार्यान्वयनमा बाधा उत्पन्न गराउँदै आएको देखिन्छ ।

सार्वजनिक नीति तथा रणनीतिलाई कार्यान्वयन तथा मूल्यांकन गर्दा अवलम्बन गर्नुपर्ने महत्त्वपूर्ण बुँदाहरू छन् । जसमा अनिवार्य साक्षरता कार्यक्रम लागू गर्ने, ग्रामीण क्षेत्रसम्म न्यूनतम प्राथमिकता स्वास्थ्य सेवा र सुविधा र उपलब्ध गराउने, वास्तविक गरिबीको पहिचान गरी गरिबी निवारण कार्यक्रम सशक्तरूपले सञ्चालन गर्ने, मानवीय पुँजीको विकास र परिचालनमा जोड दिने, विकासको प्रतिफल समतामूलक ढंगले वितरण गर्ने, महिला सशक्तीकरण र लैंगिक विकासलाई जोड गर्ने ।

यसैगरी विकासको केन्द्रबिन्दुमा मानवलाई बनाउने, गरिब, पिछडिएका, तल्लो तहका वर्गलाई विकासको पहिलो तहमा राख्ने, व्यावसायिक, अनौपचारिक र प्राविधिक शिक्षामा जोड दिने, शान्ति, अमनचयन र सुरक्षाको प्रत्याभूति गर्ने आदि । निर्माण, प्रभावकारी व्यवस्थापन, सूचना प्रणालीको विकास गर्ने, दक्ष, सक्षम र कार्यमूलक नीति तर्जुमा संयन्त्रको निर्माण, सहभागिता, सचेतना र सञ्चारको प्रभावकारी व्यवस्थापन, सार्वजनिक नीति तर्जुमा, आचारसंहिता तर्जुमा, उत्तरदायित्वप्रति सचेत, अनुगमन प्रणालीको सुदृढीकरण, बजेट विनियोजन प्रणालीमा सुधार, पर्याप्त र समयमै निकासा गर्ने, दुरूपयोग हुन नदिने, भ्रष्टाचार नियन्त्रण, राजनीतिक प्रतिबद्धता र इमान्दारिता जस्ता विषयहरू अति महत्त्वपूर्ण छन् ।

एक अल्पविकसित देशका लागि कति र कस्तो प्रकारको दक्ष जनशक्ति आवश्यकता पर्दछ, सो थाहा पाउन कठिन छ । कुनै पनि देशलाई आर्थिक विकासको कुन अवस्थामा प्रवेश गर्दा कति मानवीय पुँजी आवश्यक पर्दछ भन्ने कुराको पनि यकीन गर्न समस्या हुने गर्दछ । मानवीय पुँजी निर्माणको दर कति हुनुपर्दछ, सो कुरा पनि थाहा पाउन गाह्रो हुन्छ । कुन समयमा र कति मात्रामा कस्तो शिक्षामा लगानी गर्नुपर्दछ, सो कुरा पनि थाहा पाउन सकिँदैन । शिक्षामा गरिएको लगानीबाट प्राप्त प्रतिफल कसरी मापन गर्ने ? अल्पविकसित देशहरूमा जनसंख्या वृद्धि अत्यधिक हुनु र विकासोन्मुख मुलुकहरूबाट क्षमतावान् व्यक्तिहरू कामको खोजीमा अन्य राष्ट्रमा जानु वा प्रतिभा पलायन हुनुले समस्या खडा भएको हुन्छ । सार्वजनिक नीति तय गर्दा यस्ता विषयहरूमा ध्यान दिन जरुरी छ ।

### पाठक मञ्च

## धमिलो पानीमा माछा मार्ने काम कसैबाट नहोस्

भक्तपुर ऐतिहासिक, सांस्कृतिक र सभ्यतागत दृष्टिलेमात्र होइन, शिक्षाको क्षेत्रमा पनि महत्त्वपूर्ण पहिचान बनाउँदै आएको जिल्ला हो । पछिल्ला वर्षहरूमा 'भक्तपुरलाई शैक्षिक गन्तव्य' बनाउने नारा विभिन्न स्थानीय तह, शैक्षिक संस्था तथा सरोकारवालाबाट उठ्दै आएको छ । गुणस्तरीय शिक्षा, अनुशासित वातावरण, सहरी सुविधाको विस्तार र राजधानीसँगको निकटताले भक्तपुरलाई शैक्षिक केन्द्रको रूपमा विकास गर्ने सम्भावना बलियो देखिन्छ ।

सन्दर्भ हो, भक्तपुरको एभरेस्ट स्कुलको शुल्क निर्धारणको । यो स्कुल भक्तपुरका उत्कृष्टमात्रै होइन, सर्वोत्कृष्टमै पर्दछ । यद्यपि, स्थानीय सरकारको रूपमा रहेको भक्तपुर नगरपालिकाले तोकेको शुल्क सीमाभित्र यो स्कुलको शुल्क रहेको छ । नगरपालिकाले गरेको शुल्क निर्धारणलाई अक्षरश पालना गर्दै गत वर्षभन्दा कम शुल्क विद्यार्थीका लागि निर्धारण गरिएको छ ।

एकातिर विद्यार्थीसँग कम शुल्क लिने अर्कोतिर शिक्षक कर्मचारीहरूको सामाजिक सुरक्षा कोष राखिदिने थप योजना स्कुलको छ । यति चुनौतीका बाबजुद पनि अहिले केही तत्व यस स्कुलको शुल्कका विषयलाई लिएर धमिलो पानीमा माछा मार्ने काम भइरहेको आभाष भइरहेको छ । यो स्कुललेभन्दा बढी शुल्क लिने भक्तपुरमा त्यस्ता धेरै स्कुलहरू छन् । तर तिनीहरूको विषयमा खासै चासो र चर्चा गरिएको देखिएको छैन । खालि एभरेस्ट स्कुललाई नै केन्द्र त्यो तत्वले बनाउनुको खास मक्सद के हो ? जबकि, बकैदा सरोकारवाला सबैले म्याइन्युटिङ गरेर हस्ताक्षर गरी नगरपालिकाले तोकेको मापदण्डमै रहेर शुल्क निर्धारण गरिएको छ ।

शिक्षा क्षेत्रलाई गुणस्तरीय बनाउन पूर्वाधार, दक्ष जनशक्ति, आधुनिक प्रविधि, प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप तथा सुरक्षित वातावरण आवश्यक हुन्छ । यी सबै पक्ष सुधार गर्न विद्यालयलाई पर्याप्त आर्थिक स्रोत चाहिन्छ । निजी विद्यालयहरूले आफूले प्रदान गर्ने सेवाअनुसार शुल्क निर्धारण गर्न पाउनुपर्ने तर्क यहीँबाट पनि उठ्छ । गुणस्तरको अपेक्षा गर्ने तर शुल्क नियन्त्रण गरेर लगानीमै रोक लगाउने हो भने शैक्षिक गन्तव्य बनाउने सपना व्यवहारमा सफल हुन कठिन हुन्छ ।

यहीँबाट मुख्य द्वन्द्व सुरु हुन्छ- 'गुणस्तरीय शिक्षा' र 'सुलभ शिक्षा'बीचको सन्तुलन कसरी कायम गर्ने ? यदि विद्यालयलाई पूर्ण स्वतन्त्रता दिने हो भने शिक्षा महँगो हुन सक्छ । यदि अत्यधिक नियन्त्रण गर्ने हो भने विद्यालयले गुणस्तर सुधारमा लगानी गर्न सक्दैनन् ।

भक्तपुरलाई साँच्चिकै शैक्षिक गन्तव्य बनाउने हो भने केवल भवन ठूला बनाउने वा अंग्रेजी माध्यमको प्रचार गर्नेमात्र पर्याप्त हुँदैन । यहाँ दीर्घकालीन शैक्षिक नीति आवश्यक छ । स्थानीय तहले निजी विद्यालयलाई शत्रुका रूपमा होइन, साझेदारका रूपमा लिनुपर्छ । शुल्क निर्धारणमा पारदर्शी मापदण्ड बनाइनुपर्छ । विद्यालयले खर्च, शिक्षक तलब, पूर्वाधार लगानीलगायतका विवरण सार्वजनिक गर्ने र त्यसको आधारमा वैज्ञानिक शुल्क निर्धारण गर्ने व्यवस्था हुन सक्छ ।

त्यस्तै, सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार नगरी केवल निजी विद्यालयलाई नियन्त्रण गरेरमात्र समाधान निस्कँदैन । यदि सरकारी विद्यालयहरू प्रतिस्पर्धी बने भने निजी विद्यालय पनि स्वाभाविकरूपमा जिम्मेवार र संयमित बन्न बाध्य हुन्छन् ।

भक्तपुरमा धेरै विद्यालयले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा उत्कृष्ट नतिजा दिएका छन् । यसले जिल्लाको शैक्षिक प्रतिष्ठा बढाएको छ । तर त्यो प्रतिष्ठालाई टिकाइराख्न शिक्षकको सम्मानजनक तलब, प्रविधिमैत्री शिक्षण, अनुसन्धानमूलक अभ्यास र विद्यार्थीमैत्री वातावरण आवश्यक हुन्छ । यी सबैका लागि आर्थिक आधार बलियो हुनुपर्छ ।

अन्ततः 'शैक्षिक गन्तव्य' भन्ने शब्द केवल नारामा सीमित हुनु हुँदैन । त्यसका लागि राज्य, विद्यालय, अभिभावक र समुदायबीच विश्वासको वातावरण निर्माण आवश्यक छ । शुल्क नियन्त्रण र गुणस्तर सुधार दुवैलाई सन्तुलितरूपमा अघि बढाउन सकेमात्र भक्तपुर वास्तवमै नेपालको अग्रणी शैक्षिक केन्द्र बन्न सक्छ ।

- **अन्नपूर्ण केसी**
भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**कर्णाली फनपार्क ।** सुर्खेतको वीरेन्द्रनगर नगरपालिका–३ मा रहेको कर्णाली फनपार्कभित्र राखिएको राउटे संस्कृति झल्किने मूर्तिहरू । *तस्बिरः रासस*

# विषादीको विकल्पमा 'जैविक झोल'

**म्याग्दी–** म्याग्दी, मुस्ताङ, बागलुङ र पर्वत कार्यक्षेत्र रहेको राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना जोमसोममार्फत फलफूलबालीको रोगकिरा नियन्त्रणमा विषादीको विकल्पमा 'जैविक झोल' प्रयोग गर्न थालिएको छ ।

स्थानीय जडीबुटी र घाँसको मिश्रणबाट तयार पारिएको जैविक झोललाई परियोजनाले 'इपिफाइटिक ल्याक्टिक एसिड ब्याक्टेरिया' नामकरण गरेको छ । परियोजनाका प्रमुख भरतराज गौतमले कार्यालयको स्याउ बगैंचामा गत वर्ष परीक्षण गरिएको जैविक झोल यसपालिदेखि मुस्ताङका किसानको स्याउ बगैंचामा प्रयोग गर्न थालिएको जानकारी दिए ।

'गत वर्ष कार्यालयको बगैंचामा प्रयोग गरिएको जैविक झोलले स्याउमा ढुसी र 'ब्याक्टेरिया'जन्य रोग नियन्त्रणमा सफल भएपछि यसपालि किसानका बगैंचामै प्रयोग भएको छ,' उनले भने, 'स्वस्थकर, वातावरणमैत्री, विषादी किन्दा हुने खर्चको बचत, स्थानीयस्तरमै तयार पार्न सकिने भएकाले जैविक झोल प्रयोगमा किसानहरूलाई प्रोत्साहन गरेका छौं ।'

उनका अनुसार ५० प्रतिशत तितेपातीमा बाँकी कोते, झिम्सी र राईघाँसलाई मिसाइ ओखलमा कुटेपछि निचोरेर बनाएको झोललाई तीन दिनसम्म ३० डिग्री सेल्सियस तापक्रममा राखेपछि अमिलिन्छ । एक केजी घाँसबाट तीन लिटरसम्म झोल निकाल्न सकिन्छ । एक बोतल झोललाई ४० लिटर सफा पानीमा मिसाएर बिरुवामा छर्कन सकिन्छ ।

यसरी उत्पादन भएको जैविक झोलमा बोटबिरुवाका लागि आवश्यक पर्ने मित्र जीव सक्रिय हुने र दुस्मन जीव भाग्ने अथवा नष्ट हुने क्षमता रहेको परियोजनाका प्रमुख गौतमले बताए । गौतमले दुई वर्षअघि जापानमा अध्ययनको सिलसिलामा सिकेको जैविक झोल बनाउने सीप र प्रविधिलाई पोखराको कास्कीकोटस्थित कुखुरा फार्ममा पनि प्रयोगमा ल्याएका थिए ।

मुस्ताङमा परीक्षण सफल भएको जैविक झोललाई परियोजना लागू भएको म्याग्दी, पर्वत र बागलुङका सुन्तला बगैंचामा पनि प्रयोगका लागि किसानहरूलाई तालिममार्फत सीप सिकाउने परियोजनाका प्राविधिक गणेश जिसीले बताए । 'जैविक झोलको प्रयोग गरी मुस्ताङको स्याउका साथै म्याग्दी, पर्वत र बागलुङको सुन्तलाको गुणस्तर सुधार गर्न सकिन्छ,' उनले भने, 'महँगो रकम खर्चेर किनेको रासायनिक विषादीलाई छर्कदा स्वास्थ्यलाई पर्ने जोखिम हटाउनमात्र नभएर किसानको खर्चको पनि बचत र वातावरणमैत्री हुन्छ ।'

मुस्ताङमा रासायनिक विषादी आयात प्रतिस्थापन गरेर स्याउलाई पूर्णजैविक बनाउने परियोजनाको लक्ष्य छ । गत वर्ष ७५ जनालाई र यसपालि ८५ जना स्याउखेती गरेका किसानहरूलाई जैविक झोल बनाउने तालिम दिइएको छ । कृषि विकास कार्यालयमार्फत पनि थप किसानहरूलाई सीप सिकाइएको छ । *रासस*

# 'रेडपाण्डा'को अवस्था पहिचान गर्न 'क्यामरा ट्यापिङ'

**म्याग्दी–** संकटापन्न जनावर रेडपाण्डा (हाब्रे)को अवस्था पहिचान गर्न म्याग्दीको धौलागिरि गाउँपालिकामा पर्ने जलजला र ढोरपाटन शिकार आरक्ष क्षेत्रमा क्यामरा जडान गरिएको छ । दातृ निकाय टोलेडोजुको सहयोगमा जैविक विविधता संरक्षण समाज नेपाल (वायोकस) नेपालले रेडपाण्डाको बसोबास भएको धौलागिरि गाउँपालिका २ र ३ मा पर्ने जलजला, मुना, मरेनी र ढोरपाटन शिकार आरक्ष क्षेत्रमा 'क्यामरा टचापिङ' विधिबाट हाब्रेको अवस्था पहिचान गर्न थालिएको हो ।

वायोकस नेपालका कार्यक्रम अधिकृत पवन राईले हाब्रेको आवतजावत हुने सम्भावित र दिसा भेटिएका ठाउँमा १२ वटा स्वचालित क्यामरा जडान गरिएको जानकारी दिए । 'क्यामरामा कैद हुने दृश्यको आधारमा रेडपाण्डाको अनुमानित संख्या पहिचान गर्न सहयोग पुग्ने छ,' उनले भने, 'यस क्षेत्रमा हाब्रेको पेट र आन्द्रामा हुने परजीवि (किरा/जुका)को अवस्थाका विषयमा पनि अध्ययन भइरहेको छ ।'

हाब्रेको स्वास्थ्य अवस्थाको बारेमा जानकारी लिने र संरक्षणमा सहयोग गर्ने उद्देश्यले हाब्रेको दिसाको परीक्षण गरी अध्ययन गर्न प्राविधिक टोली परिचालन भएको छ । समुद्री सतहबाट दुई हजार २०० देखि चार हजार ५०० मिटरको उचाइमा बसोबास गर्ने रेडपाण्डालाई सरकारले संकटापन्न वन्यजन्तुको सूचीमा राखेको छ ।

यसअघि जलजलामा तीनवटा क्यामरा जडान गरिएकोमा दुई वटामा रेडपाण्डा भेटिएको कार्यक्रम अधिकृत राइले बताए । सो क्षेत्रमा छवटादेखि २५ वटासम्म रेडपाण्डाको बसोबास भएको उनले बताए ।

स्थानीयवासीले वि.सं. २०८० को असोजमा ढोरपाटन शिकार आरक्षको गुर्जाघाट, २०८१ को मंसिर र २०८३ वैशाख ३१ गते मुनाको दहपातल सामुदायिक वनको बञ्चरेडाँडा क्षेत्रमा हाब्रे भेटिएको तस्बिर/भिडियो सार्वजनिक गरेका थिए ।

वि.सं. २०७३ मा विश्व वन्यजन्तु कोषको र हरियो वन कार्यक्रमको आर्थिक सहयोगमार्फत रेडपाण्डा नेटवर्क र हिमाली संरक्षण मञ्चले जलजला क्षेत्रमा पर्ने मरेनीमा रेडपाण्डाको दिसा भेट्टाएका थिए । रातका समयमा रूखको टोड्कामा बास लिने र दिउँसोमा रूखका हाँगा बसी आराम गर्ने रेडपाण्डा भोक लागेको बेला निगालोको टुसालगायत झारपात खान भुइँमा झर्छ । रेडपाण्डाका लागि आवश्यक आहारा निगालो तथा पालिंगो र टोट्का परेका रुख गूर्जा, लुलाङ र मुनाको जंगलमा पर्याप्त छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत रेडपाण्डालाई संरक्षितको सूचीमा राखिएको हो ।

रेडपाण्डाको चोरी सिकारमा संलग्नलाई एक वर्षदेखि १० वर्ष कैद र रु एक लाखदेखि रु पाँच लाखसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था छ । पछिल्लो अध्ययनअनुसार हाब्रेको संख्या नेपालमा ५०० देखि एक हजार वटा रहेको अनुमान गरिएको छ । विश्वमा नेपाल, चीन, भारत, भुटान र म्यानमारमामात्र हाब्रेको वासस्थान छ । नेपालमा एलुरेन्स फच्युजन्स जातको हाब्रे रहेको छ । *रासस*

# वन डढेलोको उच्च जोखिममा देवघाट

**दमौली (तनहुँ)–** तनहुँ जिल्लाका १० स्थानीय तहमध्ये डढेलोका हिसाबले देवघाट गाउँपालिका सबैभन्दा बढी जोखिममा रहेको पाइएको छ । डिभिजन वन कार्यालयका अनुसार पछिल्लो एक दशकको तथ्यांकले देवघाटलाई सबैभन्दा संवेदनशील क्षेत्रका रूपमा देखाएको हो ।

डिभिजन वन कार्यालयका प्रमुख मनोज रानाभाटका अनुसार देवघाट गाउँपालिकामा पछिल्ला १० वर्षमा ४६ पटक वन डढेलो लागेको छ । यो जिल्लाकै सबैभन्दा उच्च हो । उनका अनुसार अन्य स्थानीय तहमा पनि डढेलोका घटना देखिएता पनि देवघाटमा यसको आवृत्ति अत्यधिक रहेको छ ।

व्यास नगरपालिकामा ३४, भानुमा २१, आँबुखैरेनी गाउँपालिकामा २६, ऋषिङमा २९, बन्दीपुरमा १६, घिरिङमा १५, म्याग्दे गाउँपालिकामा १२, शुक्लागण्डकी नगरपालिकामा आठ र भिमाद नगरपालिकामा छपटक डढेलोका घटना भएका छन् ।

डढेलोका कारण वन क्षेत्रमात्र नभई जैविक विविधता, वातावरणीय सन्तुलन तथा स्थानीय समुदायको जीविकोपार्जनमासमेत प्रत्यक्ष असर पर्ने गरेको छ । वनमा लाग्ने आगोले जडीबुटी, वन्यजन्तु, वनस्पति तथा माटोको उर्वराशक्ति नष्ट गर्ने खतरा बढाउँदै लगेको रानाभाटले बताए ।

डिभिजन वन कार्यालयका अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा तनहुँका ८४ वटा सामुदायिक वनमा डढेलो लागेको थियो, जसबाट ६६२.५ हेक्टर वन क्षेत्र प्रभावित भएको थियो । त्यस्तै, आव २०८०/८१ मा ७१ वटा सामुदायिक वनमा डढेलो लाग्दा १३२२.८ हेक्टर वन क्षेत्र क्षतिग्रस्त भएको थियो ।

वन डढेलो न्यूनीकरणका लागि कार्यालयले जनचेतनामूलक कार्यक्रम, सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय, निगरानी टोली परिचालन तथा पूर्वतयारीका विभिन्न उपायहरू अपनाउँदै आएको जनाएको छ । तर, सुख्खा मौसम, मानवीय लापरवाही र पर्याप्त स्रोत-साधनको अभावका कारण चुनौती कायम रहेको प्रमुख रानाभाटले बताए । उनले वन डढेलो नियन्त्रणका लागि स्थानीय तह, सुरक्षाकर्मी, सामुदायिक वन उपभोक्ता समूह तथा सर्वसाधारणको सहकार्य अपरिहार्य रहेको उल्लेख गर्दै सचेतना र सतर्कता बढाउन आग्रह गरे ।

रानाभाटका अनुसार चरणका लागि आगो लगाउने प्रवृत्ति ३० प्रतिशत, चुरोट पिउनेहरूबाट १५ प्रतिशत, सिकारीबाट सात प्रतिशत, वनभोज क्याम्पफाइरिङबाट सात प्रतिशत, बच्चाहरूबाट खेल्दा छ प्रतिशत, अवैध काठ कटान गर्नेहरूबाट पाँच प्रतिशत, अतिक्रमणकारीबाट पाँच प्रतिशत, खोरिया फडानीबाट पाँच प्रतिशत, गोल पोल्नेबाट चार प्रतिशत, जडीबुटी संकलकबाट तीन प्रतिशत डढेलो लाग्ने गरेको छ । *रासस*


## कतारमा रोजगार
कम्पनी : AFAQ ALSAREEA FOR TRADING AND SERVICES
पूर्व स्वीकृति मिति : २०८२/१०/२१ | LT. No. 342290 | चलानी नं. ६०२५५६१०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver - All Vehicles | 1 | 0 | 1900 | ८०,३५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १३ गते (27th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAAD OVERSEAS PVT.LTD.**
श्रम इजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com



## साउदीमा रोजगार
कम्पनी : ELITE DIGNITY RESTAURANTS FOR CATERING
पूर्व स्वीकृति मिति : २०८३/०२/08 | LT. No. 342286 | चलानी नं. ६०२५५६०३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | 1200 | ४९,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १३ गते (27th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## साउदीमा रोजगार
कम्पनी : ORIENT ARABIA FOR LAND TRANSPORTATION
पूर्व स्वीकृति मिति : २०८३/०२/08 | LT. No. 342288 | चलानी नं. ६०२५५६३८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GCC Heavy Drivers | 3 | 0 | 1800 | ७३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १३ गते (27th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**Munal Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605



## साउदीमा रोजगार
कम्पनी : MOHAMMAD AL-JARALLAH EQUIPMENT & PETROLEUM SERVICES COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०२/०५ | LT. No. 342348 | चलानी नं. ६०२५५६३६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 5 | 0 | 1800 | ७३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १३ गते (27th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
श्रम इजाजत नं. ११०८/०७३/०७४
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323, Udip Bahadur Khadka: 9801248108
Navin Raghubanshi : 9801248107, Email:- emeraldislenepal@gmail.com, info@einepal.com



## साउदीमा रोजगार
कम्पनी : HAIF HUSSEIN AL-QAHTANI CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०२/०५ | LT. No. 342359 | चलानी नं. ६०२५५६४७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 5 | 0 | 1800 | ७३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १३ देखि १५ गते (27-29 May 2026) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**Nasser International Placement Services Pvt. Ltd.**
श्रम इजाजत नं. १९०/०५७/०५८
Kupondole, Opposite to Kandev Temple, Kathmandu , Phone: + 977-01-4578566 | 4578866,
Anil Karki (Mobile No. 9862134075), Email: info@nasserplacement.com, Web: nasserplacement.com



## युएइमा रोजगार
कम्पनी : SOBHA CONSTRUCTIONS LLC
पूर्व स्वीकृति मिति : २०८३/०२/०५ | LT. No. 342324 | चलानी नं. ६०२५५६३०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 100 | 0 | 1000 | ४१,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Scaffolder | 50 | 0 | 1500 | ६२,९२० | | | | | | | |
| 3. | Tile Layer | 50 | 0 | 1500 | ६२,९२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १२ गते (26th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**Green Tara International Overseas Services Pvt. Ltd.**
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## कतारमा रोजगार
कम्पनी : IMPRESS BUILDING MAINTENANCE AND CLEANING W.L.L
पूर्व स्वीकृति मिति : २०८३/०२/08 | LT. No. 342223 | चलानी नं. ६०२५५९१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 1 | 0 | 2500 | १,०५,७३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Electrician (Building Elect | 1 | 0 | 1200 | ५०,७५२ | | | | | | | |
| 3. | General Plumber | 3 | 0 | 1200 | ५०,७५२ | | | | | | | |
| 4. | Labourer, Dry Cleaning | 0 | 7 | 1000 | ४२,२९५ | | | | | | | |
| 5. | OFFICE CLEANERS (FEMALE ) | 0 | 1 | 1000 | ४२,२९५ | | | | | | | |
| 6. | STONE MASON | 2 | 0 | 1200 | ५०,७५२ | | | | | | | |
| 7. | Supervisor | 1 | 0 | 2500 | १,०५,७३४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १३ गते (27th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## युएइमा रोजगार
कम्पनी : FLORAL BEAUTY LOUNGE
पूर्व स्वीकृति मिति : २०८३/०२/०५ | LT. No. 342335 | चलानी नं. ६०२५५६५४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST | 0 | 1 | 1700 | ७१,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AMORY BEAUTY LOUNGE
पूर्व स्वीकृति मिति : २०८३/०२/०५ | LT. No. 342336 | चलानी नं. ६०२५५६५५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser | 0 | 1 | 2000 | ८३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Manicurist | 0 | 1 | 1800 | ७५,५०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः रोहिनी मार्ग, पुरानो बानेश्वर- १०, काठमाडौंमा मितिः २०८३ जेठ १३ गते (27th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**HR NEPAL SERVICES PVT. LTD.**
श्रम इजाजत नं. १५४८/०७८/०७९
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, 9700699159 - Srijana Chidi Magar, Email: hrnepalservices@gmail.com



## कुवेत/युएइमा रोजगार
कम्पनी : VERDI CONSUMER ORDERS DELIVERY COMPANY
पूर्व स्वीकृति मिति : २०८१/०४/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०५ | LT. No. 308737 | चलानी नं. ६०२२३३९१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 5 | 0 | 135 | ६७,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : HAYATT SWIMMING POOLS MAINTENANCE. L.L.C.
पूर्व स्वीकृति मिति : २०८१/०९/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०५ | LT. No. 315334 | चलानी नं. ६०२२९७५५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 5 | 0 | 900 | ३७,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १३ गते (27th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656(Santosh Bhatta), +9779810259009 (Magaj Bogati), E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



## साउदीमा रोजगार
कम्पनी : SAFE STAY FOUNDATION
पूर्व स्वीकृति मिति : २०८३/०२/08 | LT. No. 341999 | चलानी नं.६०२५५६३३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaner | 1 | 0 | 1000 | ४१,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SAFE STAY FOUNDATION
पूर्व स्वीकृति मिति : २०८३/०२/08 | LT. No. 342000 | चलानी नं.६०२५५६३४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaner | 1 | 0 | 1000 | ४१,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १३ गते (27th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**YUSHO GLOBAL PVT. LTD.**
श्रम इजाजत नं. ११९२/०७३/७४
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +01-4589104, Ujjwal Kc 9701051889

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २९४८०० | प्रति तोला - ० | प्रति तोला - ५०४० |



**सुन्दर नीलगिरि** | मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ स्थित छुसाङबाट देखिएको नीलगिरि हिमाल।

*तस्बिरः कृष्ण न्यौपाने/रासस*

# ‘बहिस्करणमा परेको क्षेत्रलाई बजेटमा प्राथमिकता दिइन्छ’

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सुदूरपश्चिम, कर्णालीलगायत बहिस्करणमा परेका क्षेत्रलाई बजेट विनियोजनलाई विशेष प्राथमिकतामा राखिने बताउनुभएको छ।

आर्थिक वर्ष २०८३/८४ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) छलफलमा सांसदहरूले उठाएका प्रश्नको जवाफमा अर्थमन्त्रीले कमजोर वर्गलाई माथि उठाएर नै मध्यम वर्गको विस्तार गरिने उल्लेख गरे। विकासको मार्गचित्र स्पष्ट भए मात्रै सहज रूपमा कार्यान्वयन हुने मान्यतामा आफू रहेको स्पष्ट पार्दै अर्थमन्त्रीले पहिलो पटक ‘मिसन मोड’लाई अभ्यासमा राखिएको बताए।

विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताले सरकारको दृष्टिकोण मात्रै प्रतिबिम्बित गर्दैन कार्यान्वयमा पनि इमान्दार प्रयत्न गर्नुपर्छ भन्नेमा



पनि आफू स्पष्ट रहेको उनले उल्लेख गरे। सभामुख डोलप्रसाद अर्यालले विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्तका सम्बन्धमा सांसदहरूले राख्नुभएको सुझाव र धारणा समेटेर संघीय संसद् सचिवालयले आवश्यक प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र अर्थमन्त्रालयमा पेस गरिने जानकारी गराए।

त्यसअघि छलफलमा भाग लिँदै सांसद अर्जुनकुमार कार्की गरिब र गरिबी भन्ने कुनै पनि शब्द विनियोजन विधेयकको प्राथमिकता र सिद्धान्तमा कहीँ कतै पनि समावेश नभएकामा गुनासो गरे। सांसद इन्दिरा राना मगरले गरिबीको रेखामुनि रहेका स्वास्थ्योपचार नपाएका नागरिकलाई सम्बोधन गर्नैपर्ने र स्वास्थ्य शिक्षाका विषयलाई थप प्राथमिकतामा राख्न आग्रह गर्दै विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्तको समर्थन गरिन्।

सांसद क्षितिज थेवेले तमोर जलाशयशयुक्त आयोजनालाई प्राथमिकतामा राख्न, अलैंचीको समर्थन मूल्य तोक्न, जडीबुटी उत्पादन, प्रशोधन गर्ने प्रणालीको विकास गर्न, किसानको उत्पादनलाई घरघरमा नै मूल्य दिने व्यवस्था गर्न माग गरे।

सांसद सागर भुषालले विनियोजन विधेयक केवल खर्चको दस्तावेज नभएर देशको सम्भावना, आत्मनिर्भरता र समृद्धिको स्पष्ट मार्गचित्र भएको टिप्पणी गरे। उनले भने, ‘सीमित स्रोत र चुनौतीपूर्ण आर्थिक परिस्थितिका बीच पनि उत्पादन, रोजगारी, सुशासन र जनविश्वासलाई केन्द्रमा राखेर यति दूरदर्शी सिद्धान्त र प्राथमिकता ल्याउनु वास्तवमै प्रशंसनीय कार्य हो।’

सांसद समीक्षा बाँस्कोटा, जगदीश खरेल (ललितपुर), प्रशान्त उप्रेती र नरेन्द्रकुमार गुप्ताले अनुष्का श्रेष्ठ, रुक्मिणी देवी कोइराला, अच्युत्तम लामिछाने, भरतबहादुर खड्का, राम लामा, राजन गौतम, श्रद्धा कुँवर श्रेत्री, रुकेश रञ्जितलगायतले छलफलमा भाग लिएका थिए।

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रममा चार हजारभन्दा बढी किसान आबद्ध

■ प्रभाव संवाददाता

**अत्तरिया (कैलाली) –** कैलालीमा सञ्चालित राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रममा चार हजार ८८९ किसान आबद्ध भएका छन्। जिल्लामा सञ्चालित ‘गहुँ सुपरजोन’, ‘तेलहन जोन’, ‘धान जोन’ र ‘माछा जोन’ कार्यक्रममा किसान आबद्ध भएका हुन्।

चालु आर्थिक वर्ष २०८२/८३ मा चारवटै जोनमा तीन हजार ८१ महिला र एक हजार ८०८ पुरुष आबद्ध भएका राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यान्वयन एकाइ कैलालीका सूचना अधिकारी भीष्मराज रेग्मीले जानकारी दिए। चालु आर्थिक वर्षमा सहकारी, कृषि समूह, कृषि उद्यमी र समिति गरी ४६३ संस्था सूचीकृत भएका उनले जानकारी दिए। उनका अनुसार हाल गहुँ सुपरजोन सात हजार २०० हेक्टर, तेलहन जोन एक हजार ५०० हेक्टर, धान जोन एक हजार ५०० हेक्टर र माछा जोन ५०५ हेक्टर क्षेत्रफलमा सञ्चालित छ।

सूचना अधिकारी रेग्मीका अनुसार कार्यक्रम सञ्चालन भएपछि गहुँको उत्पादकत्व दुई दशमलव नौ मेट्रिक टन प्रतिहेक्टरबाट वृद्धि भएर हाल चार दशमलव छ, तोरीको उत्पादकत्व शून्य दशमलव नौ मेट्रिक टनप्रति हेक्टरबाट वृद्धि भएर एक दशमलव २३ र धानको उत्पादकत्व तीन दशमलव ४७ बाट वृद्धि भएर पाँच दशमलव ३१ मेट्रिक टन प्रतिहेक्टर पुगेको छ।

त्यसैगरी, कार्यक्रम सञ्चालित क्षेत्रमा कार्प जातका माछाको उत्पादकत्व चार दशलव सात मेट्रिक टन प्रतिहेक्टर र पङ्गासियर्सको ३६ दशमलव दुई मेट्रिक टन प्रतिहेक्टर रहेको उनले जानकारी दिए।

‘गहुँ सुपरजोन’ जिल्लाको कैलारी गाउँपालिका, गौरीगङ्गा र घोडाघोडी नगरपालिकाका विभिन्न १८ वडामा, ‘तेलहन जोन’ जानकी, जोशीपुर गाउँपालिका, भजनी, घोडाघोडी नगरपालिका र बर्दगोरिया गाउँपालिकाका विभिन्न २९ वडा र ‘धान जोन’ जोशीपुर गाउँपालिका, भजनी नगरपालिका र जानकी गाउँपालिकाका विभिन्न नौवटा वडामा सञ्चालनमा रहेको उनले जानकारी दिए।

माछा जोन कार्यक्रम धनगढी उपमहानगरपालिका, कैलारी गाउँपालिका, घोडाघोडी नगरपालिका र भजनी नगरपालिकाका विभिन्न क्षेत्रमा सञ्चालनमा रहेको उनले जानकारी दिए। लागत घटाएर कृषि आधुनिकीकरण गर्दै उत्पादकत्व बढाउन ५० प्रतिशत अनुदानमा बीउ, विषादी, कृषियन्त्र उपकरण वितरण गर्ने गरिएको उनको भनाइ छ।

# नेप्से परिसूचकमा लगातार गिरावट

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा शेयर कारोबार मापन नेप्से परिसूचक मंगलबार पनि आरोलो लागेको छ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार, कारोबार मापक नेप्से परिसूचक छ दशमलव ५१ अंकले ओरालो लागेर दुई हजार ७२४ दशमलव ३९ मा सीमित भएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ६८ अंकले ओरालो लागेर ४६७ दशमलव ३७ मा सीमित भएको छ। कुल ३४६ कम्पनीको ७८ लाख १६ हजार ४७८ कित्ता शेयर रु तीन अर्ब आठ करोड ७७ लाख ३० हजार ९६२ मूल्यमा खरिद-बिक्री भएको छ।

नेप्सेका अनुसार, सिटी होटल, साहस ऊर्जा, आँखु खोला जलविद्युत् कम्पनी, कर्पोरेट डेभलपमेन्ट बैंक र एसवाई नेपाल लिमिटेड कारोबारका आधारमा शीर्ष स्थानमा रहेको छ।

यसैगरी, कर्पोरेट डेभलपमेन्ट बैंक, नेपाल रिपब्लिक मिडिया, दार्माखोला हाइड्रो इनर्जी, ग्लोबल आइएमई ब्यालेन्स फन्ड पहिलो र नेपाल एसबिआई बैंकको ऋणपत्रका लगानीकर्ताले कमाएका छन्।

त्यसैगरी, सिटी होटल, थ्री स्टार हाइड्रोपावर, प्रभु बैंकको ऋणपत्र २०८७, झापा इनर्जी र केबिए डिवेञ्चरका लगानीकर्ताले भने गुमाएका छन्।

# दुर्गम क्षेत्रमा सेवा विस्तार गर्दै टेलिकम

■ प्रभाव संवाददाता

**काठमाडौं–** सबै नागरिकसम्म डिजिटल पहुँच पुर्‍याउने उद्देश्यले भौगोलिक रूपमा विकट तथा जनसंख्याको दृष्टिले कम मानिस बसोबास गर्ने दुर्गम बस्तीहरूमा दूरसञ्चार सेवा विस्तार भइरहेका छन्।

यस्ता दुर्गम बस्तीहरूमा सेवा उपलब्ध गराउन हेलिकप्टरबाट उपकरण तथा सामग्री ओसारेरसमेत दूरसञ्चार सेवा विस्तार भइरहेको छ। दुर्गम भूगोलमा इन्टरनेट सेवा विस्तार गर्ने सरकारको प्रतिबद्धताअनुसार नेपाल टेलिकमले काम गरिरहेको छ। यस्ता स्थानहरूमा कम्पनीले गरेको लगानीबाट व्यावसायिक लाभ हासिल नहुने भए पनि डिजिटल विभेद न्यूनीकरणलाई प्राथमिकता दिएको टेलिकमले जनाएको छ।

आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा पनि दुर्गम क्षेत्रसम्म डिजिटल पहुँच विस्तार गरी डिजिटल विभेद न्यूनीकरण गरिने उल्लेख गरिएको छ। सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले पनि डिजिटल पहुँच विस्तारलाई प्राथमिकतामा राखेर काम गर्न निर्देशन दिएका छन्।

यसका लागि आवश्यक समन्वय, सहकार्य तथा मार्गनिर्देशनसमेत मन्त्रालयबाट भइरहेको छ। नेपाल टेलिकमले फोरजी सेवा पूर्ण रूपमा कार्यान्वयन र फाइभजी सेवा पनि सँगसँगै सुरु गर्ने सरकारको योजनाअनुसार काम गरिरहेको छ। फाइभजी सेवा सञ्चालनका लागि ३३००-३७०० मेगाहर्ज ब्यान्ड खुला गरी प्रविधि विस्तारको मार्ग प्रशस्त गरिएको मन्त्रालयले जनाएको छ।

नेपाल टेलिकमका सहप्रवक्ता प्रक्षित थापा क्षेत्रीले दुर्गम तथा दूरदराज क्षेत्रहरूमा पनि इन्टरनेट र मोबाइल सेवा विस्तारलाई प्राथमिकतामा राखेर काम भइरहेको बताए। उनका अनुसार नवीनतम प्रविधिको प्रयोग गर्दै भौगोलिक अवस्था र आवश्यकताअनुसार कुन प्रविधि उपयुक्त हुन्छ भन्ने मूल्यांकन गरेर सेवा विस्तार गरिँदै आएको छ।

उनले सम्भव भएसम्म ‘अप्टिकल फाइबर’ विस्तार गर्ने योजनाअनुसार नेपाल टेलिकमले काम गरिरहेको जानकारी दिए। त्यस्तै, विद्युत् सुविधा नपुगेका स्थानहरूमा सोलार टावरमार्फत विद्युत् आपूर्ति गरी सञ्चार सेवा सञ्चालन गरिएको छ। दुर्गम क्षेत्रमा भने भिस्याट प्रविधिको प्रयोग गरेर सेवा उपलब्ध गराइएको उनको भनाइ छ।

टेलिकमका अनुसार डोल्पा जिल्लाको त्रिपुरासुन्दरी नगरपालिका-६ स्थित लाहाँ तथा ठूलीभेरी नगरपालिकाअन्तर्गत दुनै क्षेत्रमा समुद्र सतहदेखि करिब ३९०० मिटर उचाइमा केही दिनअघि सफलतापूर्वक फोरजी सेवा सञ्चालनमा ल्याइएको छ। त्रिपुरासुन्दरी लाहाँमा सोलार पावरबाट सिंगल सेक्टर टुजी सञ्चालनमा रहेकामा उक्त साइटको स्तरोन्नति गरी जलविद्युत् जडान र १८ मिटर पोल जडानपश्चात् फोरजी सेवा सञ्चालनमा आएको हो। यसबाट त्रिपुरासुन्दरी-६ का बस्तीहरू लाहाँ, खादाङ, फुल्चिङ, पालङ गाउँ तथा जाजरकोट-डोल्पा राजमार्गमा उच्च गतिको फोरजी मोबाइल ब्रोडब्यान्ड सेवा विस्तार भएको छ भने करिब २५० घरधुरीका १२०० मोबाइल प्रयोगकर्ता प्रत्यक्ष लाभान्वित भएका छन्।

त्यस्तै, डोल्पाको ठूलीभेरी नगरपालिका-१ थाला डाँडाको ३९०० मिटर उचाइमा टावर राखिएको छ। यस साइटमा उच्च क्षमताको सौर्य ऊर्जा प्रणाली जडान गरी २५ मिटरको टावर जडानपश्चात् फोरजी सेवा सञ्चालनमा आएको छ। यहाँबाट ठूलीभेरी नगरपालिका वडा नम्बर १, २, ३ र ४ का थाला गाउँ, लोचा गाउँ, तिप्ला, कुल्मी र काइके गाउँपालिकाका वैजबाडा, वनठाडा, सहरतारा, गुम्बातारा, टुप्पातारा, लाबन बगर तथा दुनै सहरतारा पदमार्गमा उच्च गतिको फोरजी सेवा विस्तार भएको छ। यसबाट करिब ८०० घरधुरीका ३२०० भन्दा बढी मोबाइल प्रयोगकर्ता लाभान्वित भएको जनाइएको छ।

ताप्लेजुङको ओलाङचुङगोला क्षेत्रमा ३४०० मिटर उचाइमा गत शुक्रबारदेखि फोरजी सेवा सुरु भएको छ। यस सेवाबाट ओलाङ्चुङगोला, याङमा, जारीटार, लुम्बासम्बा पदमार्गको दिगासम्बा तथा ग्रेट हिमालय ट्रेलअन्तर्गत लाङ्योङ आसपासका क्षेत्रमा मोबाइल नेटवर्क सुविधा उपलब्ध हुन थालेको छ। त्यसैगरी, ताप्लेजुङको पाथिभरा मन्दिर क्षेत्रमा पनि फोरजी सेवा सञ्चालनमा ल्याइएको छ। पाथीभरा मन्दिर परिसर, काफ्लेपाटी, देउराली, भालुगौडा तथा मन्दिरतर्फ जाने पदमार्गका विभिन्न स्थानहरूमा मोबाइल नेटवर्क सुविधा विस्तार भएको छ।

ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-६, घुन्सा ९३८५० मिटर मा नेपाल टेलिकमले सफलतापूर्वक फोरजी सेवा सञ्चालनमा ल्याएको छ। यसअघि स्याटेलाइटमार्फत टुजी सेवा मात्र रहेको यस क्षेत्रमा अब उच्च गतिको मोबाइल इन्टरनेट सेवा विस्तार भएको छ। घुन्सा, फले, खम्बाचेन, लोनाक तथा कञ्चनजंघा आधार शिविरतर्फ जाने पदमार्गका क्षेत्रमा मोबाइल नेटवर्क सुविधा उपलब्ध हुनेछ।

नेपाल टेलिकमले संखुवासभा जिल्लाका दुर्गम तथा उच्च हिमाली क्षेत्रमासमेत आफ्नो दूरसञ्चार सञ्जाल विस्तार तथा स्तरोन्नति गरेको छ। यसबाट स्थानीय बासिन्दा तथा पर्यटकलाई अत्यावश्यक सञ्चार सुविधा उपलब्ध भएको छ। संखुवासभाको मकालु गाउँपालिका-२ स्थित चेक्सेडाँडा क्षेत्रमा स्थापना गरिएको नयाँ बिटीएस टावर हालै सञ्चालनमा आएको छ। सो टावरले मकालु गाउँपालिका-२ का विभिन्न बस्तीहरू, वडा नम्बर ३ का केही क्षेत्र तथा वडा नम्बर ५ को माङसिमामा मोबाइल नेटवर्क उपलब्ध गराएको छ।

साथै, यो टावरले मकालु बेस क्याम्प ट्रेकिङ मार्गका उच्च पहाडी क्षेत्रहरूमा समेत ‘नेटवर्क कभरेज’ दिएको छ। त्यस्तै, नेपाल टेलिकमले सिम्बोप्वा डाँडामा माइक्रोवेभ रेडियो रिपिटर तथा बीटीएस (तासिथवा) स्थापना गरेको छ। करिब ३७०० मिटर उचाइमा रहेको यस स्थानमा टावर स्थापना गर्न चुनौतीपूर्ण थियो। बसोबास क्षेत्रभन्दा माथि करिब छ घण्टा ठाडो उकालो चढेर मात्र पुग्न सकिने यो क्षेत्रमा उपकरण ढुवानी र निर्माण सम्पन्न गर्न करिब तीन वर्ष लागेको टेलिकमले जनाएको छ।

सिम्बोप्वा डाँडाको टावरले भोटखोला गाउँपालिकाका लिंगम, छुम्सुरलगायतका दुर्गम बस्ती तथा कोशी राजमार्गको माथिल्लो खण्डमा मोबाइल नेटवर्क कभरेज उपलब्ध गराएको छ। यहाँ माइक्रोवेभ रिपिटर स्टेसन (किमाथांका) स्थापना भएपछि किमाथांकासम्म माइक्रोवेभ लिंक विस्तार सम्भव भएको टेलिकमको भनाइ छ। त्यसैगरी, टेलिकमले भोटखोला गाउँपालिकाको उत्तरी सीमा क्षेत्र किमाथांकामा माइक्रोवेभ रेडियोमा आधारित फोरजी सेवा सुरु गरेको छ। उत्तर-दक्षिण कोशी राजमार्गसँग जोडिएको यो अत्यन्त दुर्गम क्षेत्रमा यसअघि स्याटेलाइटमा आधारित टुजी भ्वाइस सेवा मात्र सञ्चालनमा थियो।

टेलिकमले देशका विभिन्न विकट तथा दुर्गम स्थानहरूमा स्याटेलाइट प्रविधिमा आधारित जिएसएम मोबाइल तथा भिस्याट टेलिसेन्टर उपकरण जडान गरी टुजी प्रविधिमा आधारित मोबाइल, टेलिफोन र डाटा सेवा प्रदान गर्दै आएको छ। चालु आर्थिक वर्षमा डोल्पाको कान्छो गाउँ कुगाउँ तथा निजाल, दोलखाको ना-गाउँ र रसुवाको चन्दनबारी गरी चार स्थानमा स्याटेलाइटमार्फत जिएसएम मोबाइल सेवा विस्तार गरिएको छ। हाल टेलिकमले ३८ विभिन्न स्थानमा यो प्रविधिबाट मोबाइल सेवा प्रवाह गरिरहेको छ। यीमध्ये सबैभन्दा बढी १४ ‘साइट’ डोल्पा जिल्लामा छन्। डोल्पाको छार्का-ताङसोङ, छार्का, धो, घुन्सापास, कलाङ, मुकोट, निजाल, फोक्सुन्डो, साल्दाङ, सिम्बाडाँडा, सिमेन्कोमास, तिन्जे, भिजेर र कुगाउँमा यी साइट छन्।

हुम्लाको गोठी, राया, रोडीकोट, श्रीनगर र श्रीमस्ठ, मुगुको मुगुगाउँ, पुलु, रारा (मुर्मा), सोरुकोट र भी, मनाङको भिमथाङ, फु र नार, दोलखाको बेदिङ र ना-गाउँ, ताप्लेजुङको घुन्सा र ओलाङचुङगोला, सोलुखुम्बुको गोरक्छेप र मोन्जु, रसुवाको गोसाइँकुण्ड र चन्दनबारी, दार्चुलाको टिंकर, बाजुराको बिच्छा र जुम्लाको गुठीचौरमा स्याटेलाइटमार्फत सेवा पुर्‍याइएको छ।

टेलिकमले बाजुराको बडिमालिका मन्दिर क्षेत्र ९४२०० मिटर उचाइमा फोरजी सेवा विस्तार गर्ने तयारी गरिरहेको छ। साथै, सगरमाथा आधार शिविर क्षेत्रमा समेत फोरजी सेवा विस्तारका लागि अध्ययन अगाडि बढाइएको जनाइएको छ।

डिजिटल पहुँचको विभाजन घटाउने र सबै नागरिकलाई गुणस्तरीय सञ्चार सेवा उपलब्ध गराउने प्राथमिकताअनुरूप नेपाल सरकार सक्रिय रूपमा काम गरिरहेको छ। दुर्गम क्षेत्रमा रहेका देशभरका बस्तीहरूलाई डिजिटल रूपमा जोड्ने अभियान निरन्तर जारी रहने टेलिकमले जनाएको छ।

फोरजी सेवा सञ्चालनसँगै अनलाइन कक्षा, डिजिटल भुक्तानी, सामाजिक सञ्जाल, इमेल तथा विभिन्न अनलाइन सेवा सहज रूपमा प्रयोग गर्न सकिने भएको छ। यसले स्थानीय प्रशासन, सुरक्षा, स्वास्थ्य तथा शैक्षिक गतिविधिमा सहयोग पुग्ने र दुर्गम हिमाली क्षेत्रलाई आधुनिक डिजिटल नेटवर्कसँग जोड्दै पर्यटन प्रवर्द्धन, सूचना प्रवाह तथा समग्र क्षेत्रीय विकासमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ।

# सूर्य नेपाल च्यालेन्ज सुरु

## पहिलो दिन दिनेशको अग्रता

■ प्रभाव संवाददाता

**काठमाडौं –** सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गत सातौं प्रतियोगिता, सूर्य नेपाल च्यालेन्जको पहिलो दिन दिनेश प्रजापति ६-अन्डर ६२ को उत्कृष्ट स्कोरमा शीर्षस्थानमा रहन सफल भएका छन्।

दिनेशले भुवन कुमार रोक्का र एमेच्योर गल्फर स्वप्निल भट्टराईलाई २ स्ट्रोकले पछि पारेका छन्। भुवन र स्वप्निलले ४-अन्डर ६४ को स्कोर बनाएका छन्। उनीहरूले संयुक्तरूपमा दोस्रो स्थान बाँडे।

३-अन्डर ६५ स्कोर बनाएका सञ्जय लामा र रामे मगरले संयुक्तरूपमा चौथो स्थान बाँडे। यस्तै भुवन नगरकोटी र शुक्र बहादुर राई २-अन्डर ६६ सहित संयुक्तरूपमा छैटौं स्थानमा छन्। यस्तै दीपक मगर, टंक बहादुर कार्की र एमेच्योर बलराम पौडेलले १-अन्डर ६७ सहित संयुक्तरूपमा आठौं स्थानमा रहे।

एमेच्योरतर्फ स्वप्निल ४-अन्डर ६४ सहित बलराम पौडेललाई ३ स्ट्रोकले पछि पार्दै शीर्षस्थानमा छन्। १-अन्डर ६७ को स्कोरमा बलराम दोस्रो स्थानमा र राष्ट्रिय टिमका सदस्य राहुल विश्वकर्मा इभन-पार ६८ सहित तेस्रो स्थानमा रहे।

रोयल नेपाल गल्फ क्लबमा दिनेशले उत्कृष्ट सुरुवात गर्ने क्रममा ८ वटा बर्डी प्रहार गरे। पहिलो, दोस्रो र नवौं होलमा एक-एक सट बचाउँदा पाँचौं होलमा बोगी खेपे। फ्रन्ट नाइन २-अन्डर ३२ मा सकाए। यसपछि १०औं, १३औं, १४औं, १६औं र १७औं होलमा बर्डीको सफलता प्राप्त गरे। १२औं होलमा एक सट खेर फाल्दा ब्याक नाइनमा ४-अन्डर ३० को सानदार प्रदर्शन गरे।

भुवनले तेस्रो होलको बोगीका विरूद्ध पहिलो, चौथो, पाँचौं, छैटौं र नवौं होलमा बर्डी प्रहार गर्दै फ्रन्ट नाइन ४-अन्डर ३० मा पुरा गरे। यसपछि बाँकी नौ होलमा पार बचाउँदै ब्याक नाइन इभन-पार ३४ खेले।

एमेच्योर स्वप्निलले फ्रन्ट नाइन बोगी रहित खेले। दोस्रो होलमा इगलको सफलता प्राप्त गर्दा नवौं होलको बर्डीले फ्रन्ट नाइन ३-अन्डर ३१ मा सकाए। १२औं होलमा बोगी खेपेका उनले १३औं र १७औं होलमा एक-एक सट बचाए। ब्याक नाइन १-अन्डर ३३ मा सकाए। सूर्य नेपाल प्रालिको प्रायोजनमा पीजीए नेपाल द्वारा आयोजित ७२ होलको चार दिने प्रतियोगितामा कूल ५२ खेलाडी प्रतिस्पर्धा गरिरहेका छन्। दोस्रो राउन्डको समाप्तिमा कट लागु हुनेछ, जहाँ उत्कृष्ट १८ प्रोफेसनल खेलाडी तथा सोही कटमा रहने एमेच्योर खेलाडीले अन्तिम दुई दिनको लागी स्थान बनाउने छन्।

प्रतियोगिताको कुल पुरस्कार राशी ७ लाख १० हजार रहेको छ। विजेताले १ लाख ३० हजार प्राप्त गर्नेछ। दोस्रो र तेस्रो हुने खेलाडीले क्रमश ९० हजार र ७० हजार प्राप्त गर्नेछन्।चौथो र पाँचौं हुने खेलाडीले ५५ हजार र ४६ हजार हात पार्नेछन्। साथै, उत्कृष्ट १८ मा पर्न सफल अन्य प्रोफेसनल खेलाडीले पुरस्कार प्राप्त गर्नेछन्।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण:** एक्प्रेस कलर प्रेस, **कार्यालय:** काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, **इमेल:** prabhabdailynews@gmail.com, **विज्ञापनका लागि:** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक:** कृष्ण कार्की, **सम्पादक:** विष्णु तामाङ